नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

# चौमासिक बुलेटिन

वर्षः ३ अंकः २ पूर्णाङ्कः ६ (मंसिर-फागुन २०७९/ Dec 2022-March 2023)

## नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

# आयोजना कार्यान्वयन प्रक्रिया र क्रियाकलापका नवीनता

शब्दकोष अनुसार अंग्रेजी शब्द Innovation ले नेपालीमा नवीनता, नयाँ परिवर्तन, खोज, अन्वेषण वा नवपर्वतन भन्ने बुझाउछ । नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP) को नाममै Innovation शब्द भएकोले कतिपय सरोकारवालाहरूबाट यो आयोजनाले के खोज वा अन्वेषण गऱ्यो ? भन्ने जिज्ञासा पनि आउने गरेको छ । यस सन्दर्भमा यो आयोजना कृषि तथा पशुपन्छी विकास मन्त्रालयले देशको पशु सेवा क्षेत्रको आधुनिकीकरण र सुदृढीकरणको लागि सञ्चालन गरिरहेको आयोजना भएको र यो आयोजनाको कार्यक्षेत्र अनुसन्धान नभएकोले आयोजनाको नामको Innovation शब्दलाई खोज, अन्वेषण भन्दा नवीनता भन्ने अर्थमा बुझ्नु उपयोगी हुने देखिन्छ ।

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको परिकल्पना पशु सेवा क्षेत्रको एक बृहद आयोजनाको रुपमा गरिएको कारण यसका सम्भाग र ती सम्भाग अन्तर्गत समावेश गरिएका क्रियाकलापहरू धेरै फराकिला छन । आयोजनामा अन्तराष्ट्रिय विकास संस्था (International Development Association-IDA) को प्रस्तावित कूल लगानी ५ करोड ५० लाख अमेरिकी डलरमध्ये २ करोड १९ लाख ७० हजार अमेरिकी डलर (३०.९४%) सम्भाग **"ख" पशु सेवा क्षेत्रको सुदृढीकरण र आधुनिकीकरणमा** लगानी गर्ने लक्ष लिइएको छ भने २ करोड ८० लाख अमेरिकी डलर (५१%) लगानी प्रस्ताव गरिएको सम्भाग "ग" **समावेशी मूल्यशृंखला विकास** अन्तर्गत पनि धेरै नवीन कियाकलापहरू कार्यान्वयन भइरहेका छन । तसर्थ, यस आयोजनामा रहेका नवपर्वतन वा नवीनताको चर्चा गर्दा मुख्य गरी (क) आयोजना सञ्चालनका विधि, शर्त तथा प्रक्रियागत तहका नवीनता र (ख) क्रियाकलाप कार्यान्वयन तहका नवीनता गरी दुई तहमा हेर्नुपर्ने देखिन्छ । पशु सेवा क्षेत्रको आधुनिकीकरण गर्ने उद्देश्य हासिल गर्न आयोजनामा कतिपय नयाँ प्रविधि र अभ्यासहरूको सुरुवात गरिएको छ भने सुरु भइसकेका तर सीमित प्रयोगकर्ताको मात्र पहुचमा रहेका कतिपय प्रविधि र अभ्यासहरूलाई आयोजनाले व्यापक रुपमा विस्तार गरेको छ । यहाँ आयोजनाका यी दुबै तहका नवीनताहरूको संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

### (क) आयोजना सञ्चालनका विधि, शर्त तथा प्रकियागत तहका नवीनताहरू

विगतमा सञ्चालित अन्य आयोजनाहरूको सिकाईको आधारमा NLSIP लाई फरक र नवीन विधि, शर्त तथा प्रक्रियाबमोजिम सञ्चालन गरिएको छ । तल उल्लेख गरिएका यी नवीन विधि र शर्तहरूनै यो आयोजनाका नवीनता हुनः

**१. उत्पादनमूलक गठबन्धनः** आयोजनाबाट उपलब्ध गराइने पूरक अनुदान प्राप्त गर्न उत्पादक र खरिदकर्ताबीच हुनैपर्ने उत्पादनमूलक गठबन्धन यो आयोजनाको मुख्य नवीनता हो । समूह, संस्था वा सहकारीमा संगठित भएका साना उत्पादक कृषकहरू र ती कृषकका उत्पादन खरिद गर्ने खरिदकर्ताबीच हुने निर्धारित परिमाण र गुणस्तरको उत्पादन आपूर्ति तथा खरिद गर्ने औपचारिक सम्झौतालाई **उत्पादनमूलक गठबन्धन** (Productive Alliance) भनिएको छ । यो गठबन्धनमा सामान्यतया उत्पादक, खरिदकर्ता र साना उत्पादकलाई सहयोग गर्ने सार्वजनिक निकाय/हरू समेत गरी तीन पक्ष संलग्न रहने गरेका छन ।

नेपालमा उत्पादनमूलक गठबन्धनको अवधारणा नयाँ भए पनि दक्षिण अमेरिका र अफ्रिकामा यसको सफल अभ्यास भएको पाइन्छ । यस आयोजनाले उत्पादनमूलक गठबन्धनको आधारमा तयार पारिएका दूध, खसीबोकाको मासु र पश्मिना मूल्य शृंखलाका उत्पादन र प्रशोधनका क्रियाकलापसँग सम्बन्धित ५७० भन्दा बढी व्यवसायलाई पूरक अनुदान र प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ । यस प्रकार आयोजनाद्वारा उत्पानमूलक गठबन्धनलाई गरिने सहयोगले गर्दा लगानी, उत्पादन सामग्री, प्राविधिक तथा व्यवसाय विस्तार सेवा र बजारीकरण सहज तथा सुदृढ हुने र आयोजनाको लगानीको प्रभावकारिता अझ बढ्ने अपेक्षा गरिएको छ ।

बाँकी पृष्ठ ३ मा ▶▶

## १ अर्ब १६ करोड २१ लाख ७० हजार अनुदान रकम भुक्तानी

# प्रस्ताव आह्वान-१ अन्तर्गतका १४४ उप-आयोजना सम्पन्न

लक्षित वर्गद्वारा उत्पादनमूलक गठबन्धनको आधारमा तयार पारी पेस गरेका दूध, खसीबोकाको मासु र पश्मिना मूल्य शृंखलाका छनौट भएका व्यवसाय योजनाहरू सञ्चालनमा सहयोग पुऱ्याउन पूरक अनुदान उपलब्ध गराउन आयोजनाको सम्भाग "ग" मा २ करोड ५० लाख अमेरिकी डलर रकम प्रस्ताव गरिएको छ । आयोजनाले इच्छुक उत्पादक संस्थाहरूबाट तीन चरणमा उप-आयोजना अवधारणा पत्र र उप-आयोजना पूर्ण प्रस्ताव माग गरी पूर्व निर्धारित स्वीकृत प्रक्रिया अनुसार मूल्याङ्कन पश्चात छनौट भएका जम्मा ६२९ उत्पादक संस्थाहरूसँग उप-आयोजना सञ्चालन गर्न पूरक अनुदान उपलब्ध गराउने सम्झौता गरेको छ । आयोजनासँग अनुदान सम्झौता भएकामध्ये ५ चैत्र, २०७९ सम्म प्रस्ताव आह्वान १ र २ अन्तर्गतका १४४ उप-आयोजनाहरू सम्पन्न भई पूर्ण रुपमा सञ्चालनमा आएका छन भने अन्य उप-आयोजनाहरू कार्यान्वयनका विभिन्न चरणमा छन ।

**उप-आयोजना पूर्ण प्रस्ताव अवधारणा पत्र आह्वान**

प्रस्ताव आह्वान-१ : २८ जेष्ठ, २०७७

प्रस्ताव आह्वान-२ : १६ आषाढ, २०७७

प्रस्ताव आह्वान-३ : २० माघ २०७७

आयोजनाको पूरक अनुदान सहयोगमा कार्यान्वयन र सञ्चालन भइरहेका उप-आयोजनाहरूमा पूरक अनुदान किस्ता भुक्तानीको अवस्था निम्नानुसार रहेको छः

बाँकी पृष्ठ ६ मा ▶▶

**सल्लाहकार**

**डा. उमेश दाहाल**
आयोजना निर्देशक

**डा. प्रभाकर पाठक**
प्रोजेक्ट टेक्निकल लिड

**सम्पादक मण्डल**

**प्रधान सम्पादक**

**डा. अमरबहादुर शाह**
टिम लिडर- प्राविधिक सेवा प्रदायक

**सदस्य**

**डा. प्रवेश शर्मा**
वरिष्ठ अनुगमन तथा मूल्यांकन अधिकृत

**श्री सुरेश बस्नेत**
सूचना, संचार प्रविधि विज्ञ

**सम्पादन सहयोगी**

**श्री प्रजेश अधिकारी**
कम्प्युटर अपरेटर

**प्रकाशक**
नेपाल लाइभस्टक सेक्टर इनोभेसन
आयोजना (NLSIP)
हरिहर भवन, ललितपुर

**प्रकाशकीय**

# आयोजना निर्देशकको मन्तव्य



सरोकारवालालाई आयोजनाका गतिविधि सम्बन्धी जानकारी सम्प्रेषण गर्ने उद्देश्यले प्रकाशन गर्न सुरु गरिएको आयोजनाको चौमासिक बुलेटिनको यो छैठौं अङ्क यहाँहरूसम्म पुऱ्याउन पाउदा मलाई अत्यन्त खुसी लागेको छ। बुलेटिनको प्रत्येक अङ्कमा आयोजना सम्बन्धी कुनै एक विषय विशेषमा केन्द्रीत रही विस्तृत जानकारी समावेश गर्ने गर्दै आएकोमा प्रस्तुत अङ्कमा आयोजनाले प्रवर्धन गरेका र आयोजना कार्यान्वयनमा विद्यमान नवीनता बारेको जानकारी प्रस्तुत गरेका छौं। नाममै Innovation भएको यो आयोजनाले के कस्ता नवीन काम गऱ्यो होला ? भन्ने सरोकारवालाहरूको जिज्ञासालाई बुलेटिनको यस अङ्कको सामग्रीले शान्त पार्ने छ भन्ने अपेक्षा मैले गरेको छु।

नेपालको पशुपालन क्षेत्रको आधुनिकीकरण र सुदृढीकरण गर्न नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले विश्व बैंकको सहयोगमा आ.व. २०७४/७५ देखि छ वर्ष अवधिको लागि देशका ५ प्रदेशका २८ जिल्ला र २८९ गाँउ तथा नगरपालिकाहरूमा यो आयोजना कार्यान्वयन गरिरहेको कुरा सरोकारवाला सबैको जानकारीमै छ। यो आयोजना दूध, खसीबोकाको मासु र पश्मिनाको उत्पादकत्व वृद्धि गर्ने, पशुजन्य उत्पादनहरूको मूल्य अभिवृद्धि गर्ने र नेपालको पशु सेवा क्षेत्रको सुदृढीकरण तथा आधुनिकीकरण गर्ने उद्देश्य लिएर सञ्चालन भइरहेको छ। आयोजनाका लक्षित क्रियाकलापहरू केन्द्रमा आयोजना व्यवस्थापन कार्यालय र ल्कस्टर तहमा विराटनगर, हेटौंडा, बुटवल र पोखरामा अवस्थित चार वटा विकेन्द्रीकृत आयोजना सहयोग ईकाईहरू मार्फत कार्यान्वयन भइरहेका छन भने वंशावलीमा आधारित नश्ल सुधार कार्यक्रम (PPRS) राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखरा मार्फत सञ्चालन भईरहेको छ।

प्रक्रियागत ढिलाई तथा कोभिड महामारीको कारण चौथो वर्षसम्म केही सिथिल रहेको आयोजना कार्यान्वयन हाल प्रभावकारी बनेको र चालू आर्थिक वर्षको अन्त्यसम्म लक्षित सम्पूर्ण क्रियाकलापहरू सम्पन्न गर्ने दिशातर्फ आयोजना द्रुत गतिमा अगाडि बढेको जानकारी दिन पाउदा म अत्यन्त खुसी र गर्व महसुस गरिरहेको छु। अहोरात्र खटेर आयोजनालाई यो चरणसम्म ल्याउन मलाई निरन्तर सहयोग प्रदान गर्ने कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, मन्त्रालय मातहतका अन्य निकायहरू, प्रदेश सरकार र स्थानीय तहका सबै पदाधिकारीहरू र विश्व बैंकको तर्फबाट आयोजना हेर्ने टोली प्रमुख लगायत आयोजनामा कार्यरत कर्मचारी, परामर्शदाता सबैप्रति म पुनः आभार प्रकट गर्दछु। आयोजना कार्यान्वयनमा सबै निकाय र व्यक्तिको सहयोग यथावत प्राप्त भइरहने छ भन्ने आशा समेत मैले लिएको छु।

अन्तमा, बुलेटिनको प्रस्तुत अङ्क यो रुपमा ल्याउन मेहनत गर्ने यस बुलेटिनका सम्पादक मण्डलका सदस्यहरूलाई म धन्यवाद दिन चाहन्छु।


चैत्र, २०७९



डा. उमेश दाहाल
आयोजना निर्देशक



पृष्ठ १ बाट ▶▶




**२. उप-आयोजनाको लगानीमा वित्तीय संस्थाको ३०% ऋण अनिवार्यः** छनौट भएका उप-आयोजनालाई NLSIP ले रु १ करोड भन्दा नबढ्ने गरी लगानीको ५०% पूरक अनुदान उपलब्ध गराइरहेको छ। आयोजनासँग सहकार्य गर्न इच्छुक उत्पादक संस्थाले आफूले छानेको वित्तीय संस्थाबाट कम्तीमा पनि प्रस्तावित लगानीको ३०% ऋण लिनै पर्ने यो वाध्यात्मक व्यवस्थालाई पनि आयोजनाको एक प्रमुख नवीनता मानिएको छ। वित्तीय संस्थाबाट ऋण लिनै पर्ने यो अनिवार्य व्यवस्थाले गर्दा उप-आयोजनाको वित्तीय सम्भाव्यता मूल्याङ्कन सम्बन्धित वित्तीय संस्थाबाटै हुने, वित्तीय संस्था समेतबाट उप-आयोजनाको अनुगमन हुने र यसले गर्दा अनुदान रकमको सदुपयोग हुने तथा पूरक अनुदान सहयोगमा सञ्चालन हुने व्यवसायहरू दिगो हुने अपेक्षा गरिएको छ।

**३. कोसेढुंगा उपलब्धीको आधारमा अनुदान किस्ता भुक्तानीः** उप-आयोजना सुरु गर्न अनुदान रकम पेश्की दिदा उप-आयोजनाहरू अधुरा रहेको विगतको अनुभवको सिकाईको आधारमा NLSIP मा गरिएको उप-आयोजनाको स्वीकृत पूरक अनुदान रकमलाई पूर्व निर्धारित कोसेढुंगा उपलब्धी हासिल गरेको आधारमा बढीमा तीन किस्तामा भुक्तानी गर्न सकिने व्यवस्था यो आयोजनाको अर्को नवीनता हो। यो व्यवस्थाले आयोजनाको पूरक अनुदानको सदुपयोग हुने दर बढ्ने र उप-आयोजनाहरू पनि अधुरा नरहने अपेक्षा गरिएको छ।

**४. उप-आयोजना प्रस्ताव तयार पार्न सहयोग :** सरकारी निकाय र आयोजनाहरूबाट अनुदान सहयोग प्राप्त गर्न व्यवसाय योजना तयार पार्नुपर्ने र अधिकांश नेपाली कृषकसँग त्यो क्षमता नहुने भएकोले सो कामको लागि उनीहरू वाह्य सेवा प्रदायकमा निर्भर रहनु पर्दा प्रस्ताव तयार पार्ने खर्चको बोझ बढ्ने, वास्तविक व्यवसाय योजनाहरू नबन्ने तथा पेस गरेका व्यवसाय योजना बारे प्रस्तावक स्वयं जानकार नहुने आदि समस्या देखिएको सन्दर्भमा यो आयोजनामा व्यवसाय योजना तयार पार्न व्यवसायीलाई आयोजनाले सहयोग गरेको छ। व्यवसाय सेवा प्रदायक संस्था मार्फत उपलब्ध गराइएको यो सहयोग अन्तर्गत तालिम दिने, आयोजनासँग सहकार्य गर्न इच्छुक व्यवसायी वा उत्पादक संस्थामै पुगेर व्यवसाय योजना तयार पार्न सहयोग गर्ने गरिएको थियो। आयोजनाको सहयोगमा व्यवसायी स्वयंले यस प्रकार तयार पारेको योजना बढी वास्तविक भएको र सो योजना कार्यान्वयन गर्न अनुदानग्राहीहरू बढी सजग हुने गरेको पाइएको छ।

**५. जमिनको उपलब्धताको आधारमा उप-आयोजनामा पशु संख्याः** वातावरणमैत्री पशु पालनलाई प्रवर्धन गर्न र घाँसमा आधारित पशु पालन गरी दूध तथा मासुको उत्पादन लागत घटाउन आयोजनाले दूध उत्पादन र खसीबोकाको मासु उत्पादन उप-आयोजनाहरूको पशु संख्यालाई जमिनको उपलब्धतासँग जोडेको छ। आयोजनाको पूरक अनुदान प्राप्त गर्न कुनै पनि उप-आयोजनामा प्रति गाई वा भैंसीको लागि एक रोपनी र प्रति ४ बाखाको लागि १ रोपनी आफ्नै स्वामित्वको वा भाडामा लिएको जमिन हुनुपर्ने अनिवार्य शर्त छ।

## (ख) आयोजना कार्यान्वयन तहका नवीनताहरू

आयोजनाको सम्भाग "ख" अन्तर्गतका क्रियाकलापहरू पशु सेवा क्षेत्रको सुदृढीकरण र आधुनिकीकरण गर्न लक्षित छन भने सम्भाग "ग" अन्तर्गतका क्रियाकलापहरू दूध, खसीबोकाको मासु र पश्मिनाको समावेशी मूल्य शृंखला विकास गर्ने उद्देश्यले कार्यान्वयन भइरहेका छन। क्रियाकलाप कार्यान्वयनस्तरका आयोजनाका दैव सम्भाग अन्तर्गतका केही प्रमुख नवीनताहरू निम्नानुसार छनः

**१. स्थानीय तहमा भेटेरिनरी अस्पताल भवनः** साविकमा पशु सेवा विभाग मातहतका निकायहरूको जिम्मामा रहेको पशु स्वास्थ्य र प्रसार सेवा देशको शासकीय पुनसंरचना पश्चात स्थानीय तहको जिम्मेवारी भएको छ। प्रदेश सरकार मातहतका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूले जिल्ला सदरमुकाममा रहेका साविकका जिल्ला पशु सेवा कार्यालयका भौतिक सुविधाहरू प्रयोग गरे पनि गाँउ तथा नगरपालिका स्तरमा गुणस्तरीय सेवा प्रवाह गर्न चाहिने भौतिक पूर्वाधार र जनशक्ति दुबैको अभाव देखिएको सन्दर्भमा यो समस्यालाई सम्बोधन गर्न आयोजनाले स्थानीय तहसँगको सहकार्यमा २८ वटा पशु सेवा केन्द्र भवन निर्माण गर्ने लक्ष लिएको छ। यीमध्ये हालसम्म स्थानीय तहमा भेटेरिनरी अस्पताल सञ्चालन गर्न सकिने सविधायुक्त २० वटा भवनहरूको निर्माण सम्पन्न गरी हस्तान्तरण गरिसकिएको छ भने ८ वटा भवनहरूको निर्माण यो आर्थिक वर्ष भित्र सम्पन्न हुनेछ।

**भवन निर्माण सम्पन्न भएका स्थानीय तहहरूः** मैनापोखर, कञ्चन, वाणगंगा, माडी, गल्याङ्ग, मादी, बन्दीपुर, तिनाउ, बेथानचोक, रोङ, बिर्तामोड, धनपालथान, तिरहुत, विष्णुपुर, मालारानी, मुसिकोट, चन्द्रागिरि, बेथानचोक, विनयत्रिवेणी, सुनवल र चौदण्डीगढी।

**भवन निर्माण भइरहेका स्थानीय तहहरूः**
पथरी-शनिश्चरे, फेदिखोला, कविलासी, सियारी, शुक्लागण्डकी, मकवानपुरगढी, शहीदनगर र हरिऔन



**२. पशुपन्छीका रोग निदानमा अत्याधुनिक उपकरणहरूको प्रयोगः** नेपालको पशु सेवा क्षेत्रको सदृढीकरण र आधुनिकीकरण गर्ने लक्षित उद्देश्य पूरा गर्न NLSIP ले सम्पन्न गरेका धेरै क्रियाकलापहरूमध्ये पशुपंछीका रोग निदान र उपचारमा अत्याधुनिक प्रविधि र उपकरणहरूको प्रयोग सुरु गराउनु अत्यन्त महत्वपूर्ण देखिएको छ। भौतिक पूर्वाधारहरूको अपर्याप्तता, उपकरणहरूको उच्च लागत र विद्यमान जनशक्तिमा प्रविधि प्रयोग गर्ने क्षमताको कमी जस्ता कारणहरूले गर्दा पशु स्वास्थ्य क्षेत्रमा धेरै नवीनतम प्रविधि र उपकरणहरूको प्रयोग सुरु हुन सकिरहेको छैन। यस अवस्थामा देशमा बढी उत्पादन दिने उच्च मूल्यका पशुको संख्या बढिरहेको र पशुका नयाँ-नयाँ महामारी रोगहरू देखा परिरहेको सन्दर्भमा नेपालको पशु चिकित्सा क्षेत्रको स्तरोन्नति र आधुनिकीकरण गरिनु जरुरी देखेर

NLSIP ले पशुपन्छीका रोग निदान र उपचारमा अत्याधुनिक उपकरण तथा प्रविधिहरूको उपयोग सुरु गराउदा व्यावसायिक पशुपालकहरूलाई अत्यन्त ठूलो सहयोग पुगेको छ ।

आयोजनाले पशु रोग अन्वेषण प्रयोगशाला, राष्ट्रिय खोप उत्पादन प्रयोगशाला र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूबाट प्रवाह हुने सेवाको गुणस्तर अभिवृद्धि गर्नको लागि माग, आवश्यकता र प्रयोग हुने सम्भावना समेतलाई दृष्टिगत गरी केन्द्रीय प्राविधिक समन्वयन समितिको सहमतिमा ती निकायहरूलाई हालसम्म ८ वटा Digital X Ray मेसिन, ३७ वटा Portable Color Doppler Ultrasound Machine, ५ वटा RT PCR, २३ वटा Fully Automated Hematology Analyzer, ५ वटा Fully Automated Biochemical Analyzer, ७ वटा Biosafety Cabinet र एक-एक वटा Refrigerated Centrifuge र Automatic Bacteria Identification Machine उपलब्ध गराएको छ । उपकरणहरू उपलब्ध गराउनुको साथै तालिम प्रदान गरी आयोजनाले सम्बन्धित निकायमा सेवारत अधिकृत तथा प्राविधिकको ती मेसिन, उपकरणहरू प्रयोग गर्ने क्षमता अभिवृद्धि समेत गराएको छ ।

**३. खोप भण्डारण राष्ट्रिय सञ्जाल निर्माणः** राष्ट्रियस्तरमा पशुपन्छीका खोप भण्डारण सुविधाहरूको सञ्जाल तयार हुनु आयोजनाले गरेका कामहरूमध्ये अर्को अत्यन्त महत्वपूर्ण काम हो । केन्द्रीय प्राविधिक समन्वय समितिले निर्णय गरेबमोजिम आयोजनाले केन्द्र र प्रदेशका विभिन्न रणनैतिक स्थानमा विद्युत आपूर्तिको वैकल्पिक व्यवस्था सहितका खोप भण्डारण कोल्डरुमहरू निर्माण गरेको छ भने विभिन्न १०० पालिकाहरूलाई खोप भण्डारण गर्ने रेफ्रिजेरेटरहरू उपलब्ध गराएको छ । यसको अलावा आयोजनाले खोप कार्यक्रम सञ्चालनमा प्रयोग गर्न खोप ढुवानी गर्ने कूल बक्सहरू पनि खरिद गरी वितरण गरेको छ । आयोजनाको यो कार्यले ठूलो मात्रामा खोप भण्डारण गर्न र महामारी रोग रोकथाम वा नियन्त्रण गनुपर्ने अवस्थामा देशभर खोप कार्यक्रम सञ्चालन गर्न सम्भव भएको छ ।

| क्र. स. | भण्डारण संरचना | क्षमता | संख्या | स्थान |
|---|---|---|---|---|
| १ | प्रिफ्याब कोल्ड रुम (ठूलो) | ९४.४९ घन मिटर | ७ | विराटनगर, जनकपुर, पोखरा, सुर्खेत, चितवन, काठमाण्डौ र बाँके । |
| २ | प्रिफ्याब कोल्ड रुम (सानो) | १० घन मिटर | १४ | कंचनपुर, दाङ, पर्सा, पाँचथर, झापा, सुनसरी, उदयपुर, धनकुटा, नवलपरासी पश्चिम, पाल्पा, स्याङ्जा, तनहु, कपिलवस्तु, र काभ्रेपलान्चोक । |
| ३ | फ्रिजिंग कम्पार्टमेन्ट सहितको रेफ्रिजेरेटर | २२० लिटर | १०० | विभिन्न पालिकाहरु । |
| ४ | फ्रिजिंग कम्पार्टमेन्ट सहितको रेफ्रिजेरेटर | २६९ लिटर | १२ | पशु क्वोरेन्टाईन चेकपोस्टहरू । |
| ५ | रेफ्रिजेरेटर | ३४५ लिटर | २० | पशु क्वोरेन्टाईन चेकपोस्टहरू । |
| ६ | खोप ढुवानी गर्ने कूल बक्स | २.४६ लिटर | २३३२ | भेटेरिनरी अस्पताल र पालिका पशु सेवा शाखाहरु पशु क्वोरेन्टाईन चेकपोस्टहरू । |

**४. सुविधा सहितका पशु हाट बजारः** स्थानीय तहहरूसँग सहकार्य गरेर आयोजनाले दुईवटा पहिलेदेखि सञ्चालनमा रहेका (गुलरिया र रंगेली) र दुईवटा नयाँ (सियारी र रत्ननगर) पशु हाटबजारलाई पूर्वाधार विकास र सञ्चालनमा सहयोग गरेको छ । कुनै पनि पूर्वाधार नभएका चौर वा सडक किनारमा पशु हाटबजारहरू लाग्ने गरेकोमा आयोजनाले यी बजारहरूमा पशु गाडीमा चढाउन र गाडीबाट झार्न मिल्ने र्‍याम्प, पानी, बिजुली, पशुलाई दाना र पानी खुवाउने सुविधा, बिक्री नभएका पशु राख्ने गोठ, हाटबजार समितिको कार्यालय, व्यापारी/कृषक अतिथि गृह, शौचालय, चमेनागृह आदि आवश्यक सुविधाहरू निर्माण गरेको छ भने यी हाट बजारहरू दिगो रुपमा सञ्चालन गराउन नमूना विधि र व्यवसाय योजना समेत तयार गरी सम्बन्धित पालिका र निकायलाई उपलब्ध गराएको छ ।







**५. पशु नश्ल सुधार दूरगामी महत्वको सहयोगः** पशु नश्ल सुधारलाई आयोजनाले अत्यन्त महत्व दिएको छ र आयोजना अवधिमा सुरु भएका गतिविधि आयोजना पश्चात पनि दिगो रुपमा सञ्चालन भइरहुन् भन्ने उद्देश्यले पशु प्रजनन र नश्ल सुधार सम्बन्धि सम्पूण क्रियाकलापहरू राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखरा मार्फत सञ्चालन हुने व्यवस्था गरिएको छ ।

दुई दशक पहिलेदेखि प्रक्रियामा रहे पनि स्वीकृत हुन नसकेको राष्ट्रिय पशुपन्छी प्रजनन नीति, २०७८ आयोजनाको पहलमा तयार भई स्वीकृत भएको छ भने नेपालको पशु प्रजननको इतिहासमा लामो अन्तरालपछि उच्च गुणस्तरका छ वटा साँढेहरू अमेरिकाबाट आयात गरी जमेको वीर्य उत्पादन सुरु गरिएको छ । यी बाहेक आयोजनाले पशु प्रजनन कार्यालय पोखरा र लहानमा बुल मदर र बुल शेड निर्माणमा सहयोग गरेको छ, कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउन विर्य प्रशोधन उपकरण र कृ.ग. सामग्रीहरूको सहयोग गरेको छ भने पशु प्रजनन कार्यालय लहानको अत्याधुनिक वीर्य प्रशोधन प्रयोगशाला भवन हाल निर्माण सम्पन्न हुने क्रममा छ ।

बि.सं. २०६५ तिर सुरु भएको भए पनि कार्यान्वयनमा पछिल्ला केही वर्ष यता खासै प्राथमिकता पाउन नसकेको गाई, भैंसीको वंशावलीमा आधारित उत्पादन क्षमताको अभिलेखीकरण प्रणाली (Pedigree Performance Recording System-PPRS) आयोजनाको सहयोगमा कार्यविधि संशोधन गराई थप बथान र पशु समावेश गरी पुनः व्यवस्थित रुपमा सञ्चालन भइरहेको छ । एएच्च अभिलेख प्रणालीमा समावेश गाईमा प्रयोग गर्न दश हजार डोज उच्च प्रजनन् मानको जमेको विर्य समेत आयात गरेको । आयोजनाको यो सहयोग नेपालको पशु विकास क्षेत्रमा अत्यन्त दूरगामी महत्वको हुने अपेक्षा गरिएको छ ।

**६. पूरक अनुदान सहयोगका उप-आयोजनाहरूमा नवीनताः** आयोजनाको कूल लगानीको लगभग ५१% उत्पादनमूलक गठबन्धनमा आधारित दूध, खसीबोकाको मासु र पश्मिना मूल्य शृंखलाका उप-आयोजनाहरूमा लगानी गर्ने लक्ष आयोजनाले लिएको छ । छनौटका विभिन्न चरणपश्चात आयोजनाले जम्मा ६२९ वटा उत्पादक संस्थासँग उप-आयोजना सञ्चालन गर्ने पूरक अनुदान सम्झौता गरेकोमा अनुदानग्राही संस्थाका आन्तरिक कारणले गर्दा घटेर हाल ५७९ उप-आयोजनाहरू मात्र कायम रहेका छन । यी उप-आयोजनाहरूमध्ये सञ्चालनमा आइसकेका उपआयोजनाहरूले गाई, भैसी र बाखा पालनका विभिन्न नयाँ प्रविधिहरू प्रयोगमा ल्याएका छन । यस प्रकार सम्भाग "ग" अन्तर्गत आयोजनाले



उपलब्ध गराइरहेको पूरक अनुदान र प्राविधिक सहयोगको परिणामस्वरुप पहिले अत्यन्त सीमित रुपमा प्रचलनमा रहेका केही प्रविधि र अभ्यासहरूको हाल विस्तार भएको छ भने नेपाली पशु पालन क्षेत्रमा कतियय नवीन प्रविधि र अभ्यासहरूको सुरुवात भएको छ। उत्पादन वृद्धि गर्ने, उत्पादनको स्वच्छता अभिवृद्धि गर्ने र श्रम तथा लागत कम गर्ने यी नवीन प्रविधिहरू हाल पूरक अनुदान सहयोग पाउने उप-आयोजनाहरूमा सुरु भए पनि छिट्टैनै आयोजनाको कार्यक्षेत्र भित्र र बाहिरका आम कृषकहरूसम्म पुग्ने र यसबाट नेपाली पशु पालन क्षेत्रको आधुनिकीकरण र व्यवसायिकरण हुने अपेक्षा गरिएको छ।

आयोजनाले पूरक अनुदान सहयोग गरिरहेका उप-आयोजनाहरूका केही प्रतिनिधि नवीन प्रविधि र अभ्यासहरू यस प्रकार छनः

**६.१ खुला गाई पालनः** आयोजनाको सहयोग प्राप्त धेरै उक्त आयोजनाका फार्महरूमा गाईलाई खुला छोडेरै पाल्ने गरिएको छ। घाँस र दाना खाने र दूध दुहुने समयमा बाहेक गाई गोठभित्र वरपर हिडडुल गर्न र चाहेको समयमा पानी पिउन स्वतन्त्र हुन्छन। बाँधेर पालेका भन्दा खुला रुपमा पालेका गाई बढी स्वस्थ हुने र तिनले दूध पनि बढी दिने कुरा अध्ययनहरूले देखाएका छन। नेपाली सन्दर्भमा समेत यो कुरा सिद्ध भए यो प्रणाली अन्य फार्महरूमा पनि फैलिने आशा गर्न सकिन्छ।



**६.२ मिल्किङ्ग मेसिन र मिल्किङ्ग पार्लरको प्रयोगः** बढी दूध उत्पादन गर्ने गाईको संख्या बढेसँगै दूध दुहुने श्रमिकको समय बचत गर्न तथा दूधको स्वच्छता कायम राख्न केही व्यावसायिक फार्महरूले दूध दुहुने मेसिनको प्रयोग गर्न पहिलेदेखिनै सुरु भएकोमा आयोजनाको अनुदान सहयोग प्राप्त गाई पाल्ने लगभग सबै उप-आयोजनाहरूले मिल्किङ्ग मेसिन र ५० भन्दा बढी गाई पाल्ने केही उप-आयोजनाहरूले पूर्ण स्वचालित मिल्किङ्ग पार्लर प्रयोग गर्न सुरु गरेका छन। स्थापना गर्न बढी लागत चाहिने भए पनि बहुराष्ट्रिय कम्पनीहरूद्वारा निर्मित, एक पटकमा १२ वटासम्म गाई दुहुन सकिने यस्ता स्वचालित पार्लरको प्रयोगले दूधको गुणस्तर र आयु बढ्ने र दूध दुहुन चाहिने श्रमिकको संख्या घटी कालान्तरमा लाभदायक हुने अनुमान गरिएको छ।





**६.३ जलवायु मैत्री प्रविधि र अभ्यासहरू र साइलेज उत्पादन तथा प्रयोगः** आयोजनाले पशु पालनका जलवायुमैत्री प्रविधि र अभ्यासहरू पहिचान गरी विशेष रुपमा छ वटा अभ्यासहरू (बधुवा पशु पालन, हिउदे/वर्षे घाँस खेती, डालेघाँस संरक्षण र विस्तार, साइलेज र हेको प्रयोग, गोठ सुधार र मलमूत्र व्यवस्थापन) प्रवर्धन गर्न विभिन्न कियाकलापहरू सञ्चालन गरिरहेको छ। तीमध्ये साइलेजको प्रयोग एक हो। नेपालमा विशेष गरी हिउद र गर्मी याममा पशुको आहाराको अभाव भई तयारी दानाको भरमा गाईभैसी पाल्नु पर्दा दूधको उत्पादन लागत बढी हुने समस्या विद्यमान छ। अतः जाडो र गर्मी याममा हुने घाँसको अभाव पूर्ति गर्ने तरिका मानिएको साइलेज उत्पादन र प्रयोगलाई आयोजनाले जलवायु मैत्री पशुपालन अभ्यास अन्तर्गत प्रवर्धन गरिरहेको छ।

यस कममा आयोजनाले साइलेज उत्पादनलाई प्रवर्द्धन गर्न सहकारीहरूलाई ३४ वटा साइलेज बनाउने मेसिन वितरण गरेको छ, उप-आयोजनाहरूलाई साइलेज उत्पादन गर्न अनुदान सहयोग गरेको छ भने लगभग सबै पुरक अनुदान उप-आयोजनाहरूमा साइलेज खरिद गरी प्रयोग गर्न अनुदान रकम उपलब्ध गराएको छ। नेपालमा साइलेज प्रयोग गर्न भर्खर-भर्खर सुरु भइरहेको समयमा आयोजनाले गरेको यो सहयोगले साइलेज प्रयोगमा व्यापकता आउने, आहारा आपूर्ति भई जाडो र सुख्खा याममा समेत दूध उत्पादनमा एकरुपता कायम रहने र दूधको उत्पादन लागत घट्ने आशा गरिएको छ।









**६.४ मलमूत्रको उपयुक्त व्यवस्थापनः** पशु पालनका जलवायुमैत्री प्रविधि र अभ्यासहरूको प्रवर्धन गर्ने र आयोजनाका कियाकलापहरू वातावरणमैत्री तरिकाले कार्यान्वयन गर्ने प्रयास आयोजनाले गरिरहेको छ । यस कममा पूरक अनुदान उप-आयोजनाहरूमा मलमूत्रलाई खाडल बनाएर उपयुक्त तरिकाले व्यवस्थापन गर्ने गरिएको छ भने कतिपय उप-आयोजनाहरूले मलबाट पानी छुट्याउने Manure Dewatering Machine प्रयोग गरिरहेका छन । यो मेसिनले मलको लेदोबाट तत्काल ७० % पानी छुट्याएर मललाई धुलो बनाउछ, जसलाई एक-दुई दिन घाममा सुकाएर खेतबारीमा प्रयोग गर्ने गरिएको छ ।





पृष्ठ १ बाट ▸▸

## पूरक अनुदान किस्ता भुक्तानी प्रगति (१२ चैत्र, २०७९)

| क.सं. | विवरण | जम्मा | विकेन्द्रीकृत आयोजना सहयोग इकाई | | | |
|---|---|---|---|---|---|---|
| | | | विराटनगर | हेटौंडा | पोखरा | बुटवल |
| | **प्रस्ताव आह्वान-१: कृषक समूह र सहकारी** | | | | | |
| १ | अनुदान सम्झौता भएका जम्मा उप-आयोजना | २४६ | ५० | ७४ | ७२ | ५० |
| २ | अनुदान सम्झौता रद्द गर्ने उप-आयोजना | ३४ | ८ | ४ | १९ | ३ |
| ३ | हाल सम्झौता कायम रहेका जम्मा उप-आयोजना | २१२ | ४२ | ७० | ५३ | ४७ |
| ४ | प्रथम किस्ता अनुदान भुक्तानी लिने उप-आयोजना | २१० | ४२ | ६८ | ५३ | ४७ |
| ५ | दोस्रो किस्ता अनुदान भुक्तानी लिने उप-आयोजना | १२३ | १६ | ४७ | १३ | ४७ |
| ६ | अन्तिम किस्ता अनुदान भुक्तानी लिने उप-आयोजना | १४४ | ४२ | १२ | ४३ | ४७ |
| ७ | सम्झौता भएको कूल अनुदान रकम (रु.दश लाख) | १५२९.२२ | २६९.०३ | ५०७.६० | ३७९.३९ | ३७३.२० |
| ८ | भुक्तानी भएको कूल अनुदान रकम (रु.दश लाख) | ११२०.९१ | २४०.७५ | ३६४.६४ | २४५.७१ | २६९.८१ |
| ९ | सम्झौता भएको अनुदान रकम भुक्तानी प्रतिशत | ७३.३० | ८९.४९ | ७१.८४ | ६४.७६ | ७२.३० |
| | **प्रस्ताव आह्वान-२: संघ र महासंघ** | | | | | |
| १ | अनुदान सम्झौता भएका जम्मा उप-आयोजना | ३ | ० | १ | २ | ० |
| २ | प्रथम किस्ता अनुदान भुक्तानी लिने उप-आयोजना | ३ | ० | १ | २ | ० |
| ३ | दोसो किस्ता अनुदान भुक्तानी लिने उप-आयोजना | ० | ० | ० | ० | ० |
| ४ | अन्तिम किस्ता अनुदान भुक्तानी लिने उप-आयोजना | ० | ० | ० | ० | ० |
| ५ | सम्झौता भएको कूल अनुदान रकम (रु.दश लाख) | २५.६१ | ०.०० | ९.२१ | १६.४० | ०.०० |
| ६ | भुक्तानी भएको कूल अनुदान रकम (रु.दश लाख) | ११.४० | ०.०० | ८.२१ | ३.१८ | ०.०० |
| ७ | सम्झौता भएको अनुदान रकम भुक्तानी प्रतिशत | ४४.५० | | ८९.१९ | १९.४० | |
| | **प्रस्ताव आह्वान-३: निजी फर्म र कम्पनी** | | | | | |
| १ | अनुदान सम्झौता भएका जम्मा उप-आयोजना | ३८० | ९६ | ८२ | ८५ | ११७ |
| २ | अनुदान सम्झौता रद्द गर्ने उप-आयोजना | १९ | ० | ३ | ४ | १२ |
| ३ | हाल सम्झौता कायम रहेका जम्मा उप-आयोजना | ३६१ | ९६ | ७९ | ८१ | १०५ |
| ४ | प्रथम किस्ता अनुदान भुक्तानी लिने उप-आयोजना | २५ | १० | २ | २ | ११ |
| ५ | दोसो किस्ता अनुदान भुक्तानी लिने उप-आयोजना | ० | ० | ० | ० | ० |
| ६ | अन्तिम किस्ता अनुदान भुक्तानी लिने उप-आयोजना | ० | ० | ० | ० | ० |
| ७ | सम्झौता भएको कूल अनुदान रकम (रु.दश लाख) | १२३५.७४ | ३९७.७३ | २५८.१९ | २६५.२९ | ३१४.५३ |
| ८ | भुक्तानी भएको कूल अनुदान रकम (रु.दश लाख) | २९.८७ | १८.०२ | २.०९ | २.५३ | ७.२२ |
| ९ | सम्झौता भएको अनुदान रकम भुक्तानी प्रतिशत | २.४२ | ४.५३ | ०.८१ | ०.९६ | २.३० |
| | **समग्र प्रगति (प्रस्ताव आह्वान : १-३)** | | | | | |
| १ | अनुदान सम्झौता भएका जम्मा उप-आयोजना | ६२९ | १४६ | १५७ | १५९ | १६७ |
| २ | अनुदान सम्झौता रद्द गर्ने उप-आयोजना | ५३ | ८ | ७ | २३ | १५ |
| ३ | हाल सम्झौता कायम रहेका जम्मा उप-आयोजना | ५७६ | १३८ | १५० | १३६ | १५२ |
| ४ | सम्झौता भएको कूल अनुदान रकम (रु.दश लाख) | २७९०.५७ | ६६६.७६ | ७७५.०० | ६६१.०८ | ६८७.७३ |
| ५ | भुक्तानी भएको कूल अनुदान रकम (रु.दश लाख) | ११६२.१७ | २५८.७७ | ३७४.९४ | २५१.४३ | २७७.०३ |
| ६ | सम्झौता भएको अनुदान रकम भुक्तानी प्रतिशत | ४१.६५ | ३८.८१ | ४८.३८ | ३८.०३ | ४०.२८ |



आयोजना गतिविधि

# पशु स्वास्थ्य र पशु प्रजनन नीति गोष्ठी

आयोजनाको पहलमा तयार भई नेपाल सरकार मन्त्री परिषदको निर्णयबमोजिम २०७८ पौष ३० मा स्वीकृत भएका राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८ र राष्ट्रिय पशुपन्छी प्रजनन नीति, २०७८ मा भएका व्यवस्था बारे सरोकारवालालाई जानकारी प्रवाह गरी यी नीति कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्यले आयोजनाले कोशी प्रदेशमा गोष्ठी आयोजना गरेको छ। संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवज्यू, सहसचिवज्यू र मन्त्रालय मातहतका निकायका उच्च पदस्थ पदाधिकारीहरूको उपस्थितिमा २० मंसिर २०७९ मा विराटनगरमा सम्पन्न सो गोष्ठीका प्रमुख अतिथि प्रदेश कृषि मन्त्री मा. श्री झलक बहादुर मगर हुनुहुन्थ्यो भने सो गोष्ठीमा





यी दुई नीति सम्वद्ध कोशी प्रदेशका प्रमुख सरोकारवाला सहित जम्मा ११० जनाको सहभागिता रहेको थियो।

गोष्ठीमा नेपाल सरकारद्वारा स्वीकृत यी दुई नीतिमा भएका प्रमुख व्यवस्था र तिनको महत्व बारे प्रस्तुति सहित नीति कार्यान्वयन गर्ने तीनै तहका सरकारका जिम्मेवारी बारे छलफल गरिएको थियो । संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय सरकारका नीति कार्यान्वयन गर्ने अधिकार र जिम्मेवारी पनि फरक फरक भएको सन्दर्भमा सरोकारवालालाई थप जागरुक बनाउन यस्ता गोष्ठीहरू बढी उपयोगी हुने देखिएको छ।

आयोजना गतिविधि

# साझेदार वित्तीय संस्था अभिमुखीकरण गोष्ठी

आयोजनाले सम्भाग "ग" अन्तर्गत छनौट भएका उत्पादक संस्थालाई व्यवसाय योजना सञ्चालन गर्न रु. १ करोड भन्दा नबढ्ने गरी लगानीको ५०% पूरक अनुदान सहयोग उपलब्ध गराइरहेको छ। आयोजनाबाट पूरक अनुदान सहयोग पाउन उत्पादक संस्थाले आफूले छानेको वित्तीय संस्थाबाट प्रस्तावित लगानीको कम्तीमा पनि ३०% ऋण पूर्ण प्रस्ताव पेस गर्ने समयमै स्वीकृत गराउनु पर्ने वाध्यात्मक व्यवस्था यो आयोजनामा गरिएको छ। यो व्यवस्थाबाट उप-आयोजनाको वित्तीय सम्भाव्यता मूल्याङ्कन सम्बन्धित वित्तीय संस्थाबाटै हुने, वित्तीय संस्था समेतबाट उप-आयोजनाको अनुगमन हुने र यसले गर्दा अनुदान रकमको सदुपयोग दर बढ्ने तथा सञ्चालन हुने व्यवसायहरू दिगो हुने अपेक्षा गरिएको छ।

आयोजनाले पूरक अनुदान सम्झौता गरेका जम्मा ६२९ उप-आयोजनामा विभिन्न ४९ वित्तीय संस्थाले रु. १ अर्ब ९५ करोड ४ लाख ६६ हजार ६ सय ५० ऋण स्वीकृत गरेका छन भने वित्तीय संस्थाको ऋण र स्वलगानीबाट सम्झौता गरे अनुसार कोसेढुंगा उपलब्धीहरू हासिल गरेको आधारमा ती उप-आयोजनाहरूलाई आयोजनाले पूरक अनुदान रकम भुक्तानी दिइरहेको छ।

यसै सन्दर्भमा ऋण लगानी गर्ने कममा वित्तीय संस्थाले भोग्नु परेका समस्याहरू बारे छलफल गर्ने र ऋण प्रवाह गर्दाका संस्थागत अनुभव र सिकाईहरू साटासाट गर्ने उद्देश्यले आयोजनाले २०७९ पौष १२ गते वाणिज्य बैंकहरूलाई र १३ गते विकास बैंक र लघुवित्त संस्थाहरूलाई आमन्त्रण गरी दुई दिन पशु सेवा क्षेत्रमा कर्जा प्रवाह गर्ने वित्तीय संस्थाको अभिमुखीकरण गोष्ठी आयोजना गरेको थियो। कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, विश्व बैंक र अन्य सरोकारवाला निकायका प्रतिनिधि समेतको उपस्थितिमा सम्पन्न भएका यी गोष्ठीमा पहिलो दिन ६१ जना र दोस्रो दिन ५६ जनाका सहभागिता रहेको थियो । जसमध्ये वित्तीय संस्थाका प्रतिनिधिहरूको संख्या पहिलो दिन ३० जना र दोस्रो दिन २६ जना रहेको थियो।

दुई दिने यी गोष्ठीको छलफलले पशु सेवा क्षेत्रमा कर्जा प्रवाह गर्ने वित्तीय संस्थाहरूले भोग्नु पर्ने कठिनाई बारे नीति निर्माण क्षेत्रलाई जानकारी भएको थियो भने पशु सेवा क्षेत्रमा कर्जा प्रवाह गर्न वित्तीय संस्थाहरू उत्साहित भएका थिए।



आयोजना गतिविधि

# खाद्य स्वच्छता र स्वच्छ दूध तथा मासु परिचालन तालिम

दूध तथा मासु मूल्य शृंखलालाई प्रवर्द्धन गर्न आयोजनाले दूध तथा मासु प्रशोधन व्यवसायका उपआयोजनाहरूलाई पूरक अनुदान सहित ती उपआयोजना सञ्चालनमा प्राविधिक सहयोग गरिरहेको छ । आयोजनाको अनुदान र प्राविधिक सहयोगमा सुरु भएका प्रशोधन व्यवसायहरूमा खाद्य स्वच्छता कायम रहोस् र ती उपआयोजनाहरूले खाद्य स्वच्छता सम्बन्धी विद्यमान कानूनको परिपालना गरी सञ्चालन होउन भन्ने प्रयास आयोजनाले गरिरहेको छ । यो उद्देश्य पूरा गर्न आयोजनाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसग समझदारी पत्र गरी आयोजनाका क्रियाकलापहरूमा सो विभागको प्राविधिक सहयोग सुनिश्चित हुने व्यवस्था समेत गरेको छ ।

यही सन्दर्भमा आयोजनाको पूरक अनुदानमा सञ्चालन भइरहेका वा सञ्चालन हुने चरणमा रहेका दूध र मासु प्रशोधन उपआयोजनाका २५ सहभागीहरूको लागि २०७९ पौष २५ र २६ गते पोखरामा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सहयोगमा खाद्य स्वच्छता र दूध तथा मासु परिचालन सम्बन्धी तालिम आयोजना गरेको थियो । सो तालिममा मुख्य गरी खाद्य उद्योग स्थापना तथा सञ्चालन गर्न पूरा गर्नेपर्ने शर्तहरू, खाद्य उद्योग दर्ता र अनुज्ञापत्र सम्बन्धी व्यवस्था तथा खाद्य उदोगहरूले पालना गर्नुपर्ने कानूनी व्यवस्था बारे जानकारी दिइएको थियो । सो तालिममा मुख्य प्रशिक्षकको रुपमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका विज्ञहरूले सहयोग गर्नु भएको थियो भने आयोजनाका तर्फबाट वरिष्ठ अनुगमन तथा मूल्याङ्कन अधिकृत डा. प्रवेश शर्मा, विकेन्द्रीकृत आयोजना सहयोग इकाई पोखराका प्रमुख तथा अधिकृतहरू तथा आयोजनाका दुग्ध मूल्य शृंखला विज्ञ केशव अछामीले सहयोग पुऱ्याउनु भएको थियो ।



आयोजना गतिविधि

# USG तालिम सम्पन्न

नेपालको पशु सेवा क्षेत्रको सदृढीकरण र आधुनिकीकरण गर्ने लक्षित उद्देश्य पूरा गर्न NLSIP ले सम्पन्न गरेका धेरै क्रियाकलापहरूमध्ये पशुपंछीका रोग निदान र उपचारमा अत्याधुनिक प्रविधि र उपकरणहरूको प्रयोग सुरु गराउनु अत्यन्त महत्वपूर्ण देखिएको छ । भौतिक पूर्वाधारहरूको अपर्याप्तता, उपकरणहरूको उच्च लागत र विद्यमान जनशक्तिमा प्रविधि प्रयोग गर्ने क्षमताको कमी जस्ता कारणहरूले गर्दा पशु स्वास्थ्य क्षेत्रमा धेरै नवीनतम प्रविधि र उपकरणहरूको प्रयोग सुरु हुन नसकेको बेला नेपालको पशु चिकित्सा क्षेत्रको स्तरोन्नति र आधुनिकीकरण गरिनु जरुरी देखेर NLSIP ले पशुपन्छीका रोग निदान र उपचारमा अत्याधुनिक उपकरण तथा प्रविधिहरूको उपयोग सुरु गराउदा व्यावसायिक पशुपालकहरूलाई अत्यन्त ठूलो सहयोग पुगेको छ ।

### आयोजनाले USG उपलब्ध गराएका निकायहरू

» केन्द्रीय रेफरल पशु चिकित्शालय, त्रिपुरेश्वर ।
» भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्दहरू- झापा, मोरङ्ग, सुनसरी, उदयपुर, सप्तरी, पर्सा, धनुषा, सर्लाही, कास्की, रुपन्देही, नवलपुर, ललितपुर, कैलाली, कञ्चनपुर, तनहु, बारा, पाचथर, दोलखा, नुवाकोट, धादिङ्ग, लमजुङ्ग, दाङ्ग, पाल्पा र गुल्मी ।
» राष्ट्रिय पशु प्रजनन कार्यालयहरू- पोखरा, लहान र नेपालगञ्ज ।
» भेटेरिनरी टिचिङ्ग हस्टिल, कृषि तथा वन विश्व विद्यालय, रामपुर, चितवन ।
» कृषि तथा पशु विज्ञान संस्थान, त्रिभुवन विश्व विद्यालय, पक्लिहवा, रुपन्देही ।
» नेपाली सेना, इक्वाइन ब्रीडिङ्ग सेन्टर, चितवन ।
» नेपाल प्रहरी, केनाइन महाशाखा, काठमाडौं ।

यस क्रममा व्यावसायिक पशुपालन भइरहेका जिल्लाहरूलाई प्राथमिकता दिदै USG मेसिनको आवश्यकता र उपयोगिता हेरेर आयोजनाले विभिन्न निकायलाई आ.व. २०७८/७९ मा २२ र आ.व. २०७९/८० मा १५ गरी प्रिन्टर र १५ इन्चको Digitally Controlled Flat Monitor सहितका जम्मा ३७ वटा Portable Color Doppler Ultrasound उपलब्ध गराएको छ ।

प्रति गोटा लगभग आठ लाख रुपिया मूल्य पर्ने यी मेसिनहरू उपलब्ध गराउनुको साथै आयोजनाले मेसिन प्राप्त गर्ने निकायका पशु चिकित्सकहरूलाई कृषि तथा वन विश्वविद्यालयको प्राविधिक सहयोगमा



USG को प्रयोग सिक्दै तालिमका सहभागीहरू

पशु चिकित्सामा USG को प्रयोग सम्बन्धी तीन दिन अवधिको व्यावहारिक तालिम समेत आयोजना गरेको छ । कृषि तथा वन विश्व विद्यालय, रामपुरका प्राध्यापक डा. भूमिनन्दन देवकोटा, सहप्राध्यापक डा. गोकर्ण देवकोटा र उप-प्राध्यापक डा. सत्रुघ्न शाह मुख्य प्रशिक्षक रहेको सो तालिममा गत आ.व. मा २२ जना पशु चिकित्सक सहभागी रहेका थिए भने २३ देखि २५ माघ २०७९ मा सञ्चालित तालिममा १७ जना पशु चिकित्सकहरू सहभागी भएका थिए । आ.व. २०७८/७९ मा तालिम लिने २२ जना पशु चिकित्सकको लागि आ.व. २०७९/८० मा तीन दिन अवधिको पुनर्ताजगी तालिम समेत आयोजना गरिएको थियो । यस प्रकार आयोजनाले नेपालको पशु चिकित्सा सेवा क्षेत्रमा USG को प्रयोगको सुरुवात गराएको छ भने तालिम प्रदान गरेर ३७ जना पशु चिकित्सकहरूको क्षमता अभिवृद्धि समेत गरेको छ ।

स्वास्थ्य क्षेत्रमा USG को प्रयोग शरीरका विभिन्न आन्तरिक अङ्गहरूको अवस्था थाहा पाउन गरिने भए पनि कुकुर, बिराला बाहेक गाई, भैसी जस्ता ठूला पशुमा USG को प्रयोग मुख्य गरी गर्भ र पोथी पशुको प्रजनन प्रणालीका विकृतिहरूको निदान गर्न हुने गरेको छ । अतः नेपालको पशु चिकित्शा क्षेत्रमा USG को प्रयोग सुरु हुदा उन्नत पशुपाल्ने कृषकहरू लाभान्वित हुने छन् ।

आयोजना गतिविधि

# संक्रामक पशु रोग नियन्त्रण ऐन मस्यौदा विधेयक तयारी गोष्ठी

NLSIP ले सम्भाग “क” अन्तर्गत पशु सेवा क्षेत्रका नीति, रणनीति, ऐन, नियम, कार्यविधि आदि तयार पार्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय र पशु सेवा विभागलाई सहयोग गरिरहेको छ। नेपाल सरकारद्वारा गत वर्ष स्वीकृत पशु स्वास्थ्य नीति र पशु प्रजनन नीति तयार पार्नमा आयोजनाको योगदान रहेको छ भने आयोजनाको सक्रियतामा तयार पारिएका अन्य रणनीति र मार्गचित्रहरू हाल औपचारिक स्वीकृतिका विभिन्न चरणमा रहेका छन्।

संक्रामक पशु रोग नियन्त्रण ऐनको मस्यौदा तयार पार्न आयोजनाले २ मार्च, २०२१ मा सो ऐनको अवधारणा पत्र सम्बन्धमा छलफल गर्न तथा २ अगष्ट २०२२ मा सो ऐनमा समेटिनु पर्ने विषयवस्तु बारे छलफल गर्न गोष्ठी आयोजना गरेको थियो भने पछिल्लो पटक सो ऐनको अन्तिम मस्यौदा तयार पार्न २०७९ माघ २४ र २५ गते दुई दिने गोष्ठीको आयोजना गरेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सो ऐनको अन्तिम मस्यौदा तयार पार्न सहयोग पुऱ्याउने उद्देश्यले आयोजना गरिएको सो गोष्ठीमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवज्यू लगायत मन्त्रालय र पशु सेवा विभाग मातहतका अन्य पदाधिकारी र पशु सेवा तथा कानुनका विज्ञहरूको सहभागीता रहेको थियो। यस पहिले संग्रह गरिएको ऐनको विषयवस्तुमा छलफल गरी सुरु भएको गोष्ठीमा विषयगत समूह विभाजन गरी अलग-अलग छलफल गरिएको थियो र समूह छलफलबाट तयार पारिएको सामग्रीलाई एकीकृत गरी पूर्ण विधेयकको मस्यौदा तयार पारिएको थियो। यो गोष्ठीबाट तयार पारिएको मस्यौदा विधेयकलाई परिमार्जन गरी मन्त्रालयले ऐन तर्जुमा गर्ने प्रक्रिया सुरु गर्न सहयोग पुगेको छ।



आयोजना गतिविधि

# कोशी प्रदेशमा कृषि विकास रणनीति कार्यान्वयन समीक्षा गोष्ठी

आयोजनाको उद्देश्य कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई क्षेत्रगत नीति तर्जुमा गर्न र मातहतका निकायहरूको नियामक क्षमता अभिवृद्धि गर्नमा सहयोग पुऱ्याउने समेत रहेको सन्दर्भमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अनुरोध गरेबमोजिम आयोजनाले ६ माघ, २०७९ का दिन विराटनगरमा कोशी प्रदेशमा कृषि विकास रणनीति कार्यान्वयन समीक्षा गोष्ठी आयोजना गऱ्यो। सरोकारवालाहरूसँग कोशी प्रदेश (साविकको प्रदेश १) मा कृषि विकास रणनीति कार्यान्वयन प्रगति समीक्षा गर्ने र कार्यान्वयन तहमा देखिएका कमी कमजोरी पत्ता लगाई भविष्यमा सुधार गर्ने उद्देश्यले आयोजित सो गोष्ठीमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सह-सचिव डा. राजेन्द्र मिश्रा, सह-सचिव तथा सो मन्त्रालय अन्तर्गतको नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाका आयोजना निर्देशक डा. उमेश दाहाल, प्रदेश कृषि विकास मन्त्रालयका सचिव मेघराज तिमिल्सिना, प्रदेश योजना आयोगका सचिव जयकुमार घिमिरे, प्रधानमंत्री कृषि आधुनिकीकरण आयोजनाका प्रमुख हिक्मत श्रेष्ठ, NLSIP, विकेन्द्रीकृत आयोजना सहयोग इकाई, विराटनगरका प्रमुख डा. सुधीर कुमार सिंह लगायत ७१ जना सरोकारवालाहरूको सहभागिता रहेको थियो।





NLSIP का आयोजना निर्देशक डा. उमेश दाहालको स्वागत र प्रदेश कृषि सचिव मेघनाथ तिमिल्सिनाले उद्घाटण गर्नु भएको सो गोष्ठीमा कोशी प्रदेशमा NLSIP कार्यान्वयन अवस्था सम्बन्धमा NLSIP, विकेन्द्रीकृत आयोजना सहयोग इकाई, विराटनगरका प्रमुख डा. सुधीर कुमार सिंहले र कोशी प्रदेशमा कृषि विकास रणनीति कार्यान्वयन अवस्था सम्बन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सह-सचिव डा. राजेन्द्र मिश्रले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। गोष्ठीका सहभागीहरूले प्रस्तुत कार्यपत्र र कोशी प्रदेशमा समग्र कृषि क्षेत्रको अवस्था बारे विभिन्न प्रश्न र सुझाउहरू दिएका थिए। कृषि क्षेत्रको नीतिगत व्यवस्था, कृषि प्रसार सेवा, अनुदान र सामग्री आपूर्ति सम्बन्धमा उठेका प्रश्नहरूको कार्यपत्र प्रस्तोताद्वयले जवाफ दिनु भएको थियो। प्रस्तुत गोष्ठीमा कोशी प्रदेशमा कृषि विकास रणनीति र NLSIP कार्यान्वयनको मात्र नभएर समग्र कृषि क्षेत्रकै समीक्षा गरिएको टिप्पणी सहभागीहरूले गरेका थिए।

आयोजना गतिविधि

# तीन जिल्लामा उच्चस्तरीय संयुक्त अनुगमन

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाद्वारा मोरङ्ग, उदयपुर र काभ्रे जिल्लामा सञ्चालित केही प्रमुख कियाकलापहरूको २०७९ फागुन १५-१७ गतेसम्म तीन दिन आयोजना व्यवस्थापन कार्यालय र विश्व बैंकको उच्चस्तरीय टोलीबाट संयुक्त अनुगमन सम्पन्न भएको छ । आयोजना निर्देशक डा. उमेश दाहालको अगुवाईमा सम्पन्न भएको सो अनुगमन भ्रमणमा विश्व बैंकको नेपाल कार्यालयबाट वरिष्ठ अधिकृत विज्ञान प्रधान, परामर्शदाता डा. पूर्ण क्षेत्री र रेणु क्षेत्री सहभागी हुनुभएको थियो भने




आयोजनाको तर्फबाट आयोजना निर्देशक डा. उमेश दाहालको अतिरिक्त विकेन्द्रीकृत आयोजना सहयोग इकाई हेटौंडाका प्रमुख डा. विदुर गौतम, विकेन्द्रीकृत आयोजना सहयोग इकाई विराटनगरका अनुगमन तथा मूल्याङ्कन अधिकृत योगेन्द्र शर्मा, योजना अधिकृत डा. कृष्ण कुमार यादव र आयोजनाका सल्लाहकारहरू प्रोजेक्ट टेक्निकल लिड डा. प्रभाकर पाठक, परामर्शदाता टोलीका टोली प्रमुख डा. अमर बहादुर शाह र मासु मूल्य शृंखला विज्ञ डा. परशुराम भुषाल सहभागी हुनु भएको थियो ।

आयोजनाका कियाकलापहरूको स्थलगत अनुगमन गर्ने क्रममा संयुक्त टोलीले २०७९ फागुन १५ गते विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयमा DLSU विराटनगर अन्तर्गत सञ्चालित कियाकलापहरूको जानकारी लिनुको साथै रंगेलीको दोमहना पशु हाट बजारस्थलमा पुगेर रंगेली नगरपालिकाका प्रमुख दिलीप अग्रवाल सहित नगरपालिका र हाटबजार समितिका पदाधिकारी हरूसँग बजार सञ्चालन सम्बन्धमा छलफल गरेको थियो भने सो हाट बजार स्थलमा आयोजनाद्वारा निर्माण



गरिएका विभिन्न भौतिक पूर्वाधारहरूको निरीक्षण समेत गरेको थियो। त्यही क्रममा अनुगमन टोलीले आयोजनाको तेस्रो प्रस्ताव आह्वान अन्तर्गतको पूरक अनुदान सहयोगमा सञ्चालन भइरहेका विराटनगर नगरपालिका-१२ को बञ्जारा एग्रो र विराटनगर-६ मा सञ्चालन भइरहेको ग्रीन यार्ड एग्रो फर्म प्रा.लि. को अनुगमन भ्रमण पनि गरेको थियो ।

संयुक्त अनुगमन टोलीले फागुन १६ गतेका दिन उदयुर जिल्लाको बेलका नगरपालिका-५ मा खयरबनी बहुउद्देश्शीय पशु पालन कृषक समूहद्वारा सञ्चालन भइरहेको बाखापालन उप-आयोजना, त्रियुगा नगरपालिका-१३ मा भू.पू. सैनिक कृषि सहकारी संस्थाले सञ्चालन गरिहेको गाई पालन उप-आयोजना र फागुन १७ गते काभ्रे, धुलिखेल(२, रविओपीमा सेतीदेवी दुग्ध उत्पादक सहकारी संस्थाले सञ्चालन गरेको दूध उत्पादन उप-आयोजनाको अवलोकन भ्रमण गरेको थियो । यसको अतिरिक्त भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र उदयपुर र काभ्रेको भ्रमण गरी त्यहाँ आयोजनाले निर्माण गरेका खोप भण्डारण स्थल र उपलब्ध गराएका हेमाटोलोजी एनालाइजर, काउ लिफ्टर, हूफ टिमर आदि उपकरणहरूको अवस्था र उपयोग बारे समेत जानकारी हासिल गरेको थियो । संयुक्त टोलीले अनुगमन गरेका सबै उप-आयोजनाहरू अत्यन्त प्रभावकारी तरिकाले कार्यान्वनय भइरहेका र अनुदानग्राहीहरू समेत सन्तुष्ट र उत्साहित भएको पाइएको थियो ।

आयोजना गतिविधि

# व्यवसाय सेवा प्रदायक NABIC को सेवा अवधि पूरा

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनामा व्यवसाय सेवा प्रदायक (Business Service Provider-BSP) को रुपमा सेवा प्रदान गर्दै आएको Nepal Agribusiness Innovation Center-NABIC को आयोजनासँगको करार अवधि १६ पौष, २०७९ (३१ डिसेम्बर, २०२२) देखि पूरा भएको छ। १७ भाद्र, २०७७ (२ सेप्टेम्बर, २०२०) देखि आयोजनामा परिचालित भएको NABIC को तर्फबाट आयोजनामा छोटो र लामो अवधिका गरी १० जना परामर्शदाता र व्यवस्थापकहरूले लगभग १४० महिना सेवा प्रदान गरेको थिए ।

व्यवसाय सेवा प्रदायकको रुपमा NBIC ले मुख्य गरी आयोजनासँग सहकार्य गर्न इच्छुक उत्पादक संस्थाहरूलाई तिनको व्यवसाय योजना तयार पार्न तालिम, प्रशिक्षण र सल्लाह दिई उल्लेखनीय सहयोग पुऱ्याएको थियो। विकेन्द्रीकृत आयोजना सहयोग इकाईका पदाधिकारी, प्राविधिक सेवा प्रदायक टोलीका परामर्शदाता लगायत आयोजनामा सेवा प्रदान गरिरहेका अन्य परामर्शदाताहरूसँगको समन्वयन र सहकार्यमा **NABIC** ले उत्पादक संस्थाहरूलाई आयोजनामा पूरक अनुदान प्रस्ताव गर्ने उप-आयोजना पूर्ण प्रस्ताव तयार पार्न र ऋण सहयोगको लागि वित्तीय संस्थासँग जोड्न सक्रिय सहयोग गर्नुको अतिरिक्त पूरक अनुदानको लागि छनौट भएका अनुदानग्राहीको उप-आयोजना कार्यान्वयन गर्ने क्षमता अभिवृद्धि समेत गराएको थियो ।

स्मरण रहोस् विगतका आयोजनाहरूमा पूरक अनुदान सहयोग प्रस्ताव गर्ने व्यवसाय योजना वाह्य सेवा प्रदायकबाट तयार पार्न लगाउदा प्रस्तावकले चाहे जस्ता वास्तविक व्यवसाय योजना नबनेका र पूर्ण प्रस्ताव तयार पार्ने खर्च बढ्दा पूरक अनुदानको लागि छनौट हुने र नहुने दुबै थरी उत्पादक संस्थाहरूबाट गुनासो आउने गरेको सन्दर्भमा यो आयोजनामा व्यवसाय सेवा प्रदायकको सेवा उपलब्ध गराइएको थियो ।



1 आयोजना गतिविधि

# PPRS कार्यक्रम: थप उपलब्धिहरू

वंशावलीमा आधारित उत्पादन क्षमताको अभिलेखीकरण प्रणाली (Pedigree Performance Recording System-PPRS) अन्तर्गत पशुको उत्पादनको विधिवत रुपमा अभिलेख राखी संकलित अभिलेखलाई तथ्याङ्कशास्त्रको उपयुक्त विधिद्वारा विश्लेषण गरी प्राप्त भएको उत्पादन क्षमताको आंकलन नतिजाका आधारमा उत्कृष्ट ठहरिएका गाईभैंसीलाई भावी साँढे/रागोका आमाको रुपमा (Bull Mothers) छनौट गरन्छि। यसरी छानिएका जनावर हरूमा उच्च गुणस्तको वीर्यको प्रयोग गरी जन्मिएका बाच्छा/पाडाबाट वीर्य उत्पादन गरेर कृत्रिम गर्भाधान कार्यक्रममा प्रयोग गरिन्छ। पशुको नश्ल सुधार गर्ने यो पद्धति विश्वमा प्रचलित अन्य पद्धतिहरू भन्दा सरल र कम खर्चिलो छ र धेरै विकासशील देशहरुमा प्रयोगमा ल्याइएको छ। दूधको उत्पादकत्वको दृष्टिले अग्रणी अमेरिका, जर्मनी, बेलायत, नेदरल्याण्ड, अष्ट्रेलिया आदि देशहरु यस्तै विधिको निरन्तर अभ्यास गरेर हालको अवस्थामा आइपुगेका हुन भने यो कार्यक्रमको महत्व बुझेर अझै पनि यसलाई निरन्तरता दिदै आएका छन्।

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले PPRS कार्यक्रम कार्यान्वयनमा सहयोग गरिरहेको छ र यस सम्बन्धमा प्रतिवेदन अवधिमा हासिल गरिएका थप उपलब्धीहरु यस प्रकार रहेका छनः

## १. PPRS कार्यक्रममा समावेश पशुको संख्या वृद्धि

मिति २०७९।०२।०५ मा नेपाल सरकार, कृषि तथा पशुपन्छी मन्त्रालयद्वारा स्वीकृत भएको वंशावलीमा आधारित दुधालु गाई तथा भैंसीको नश्ल सुधार निर्देशिका, २०७९ का अनुसार निर्देशिका स्वीकृत भएको मितिले एक वर्षभित्रमा ३००० उन्नत गाई र १००० उन्नत भैंसी गरी जम्मा ४००० जनावरहरुलाई अभिलेखीकरण कार्यक्रममा दर्ता गरी कार्यक्रम सञ्चालन गर्ने लक्ष राखिएकोमा गत वर्ष (December 31, 2022) सम्ममा जम्मा २६०० जनावरहरु लाई मात्र अभिलेखीकरणमा समावेश गर्न सकिएको थियो।

आयोजना र राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखराको निरन्तर प्रयासको नतिजा स्वरुप पूर्वी नवरपरासीको मुकुन्दपुर क्षेत्रलाई र चितवन र काभ्रे जिल्लाका केही वथानहरुलाई समेत समावेश गरी हाल यो संख्या ३५०० पुग्न गएको छ। यस बाहेक कपिलवस्तु, रुपन्देही, चितवन, सप्तरी, सिरहा, सुनसरी, मोरङ्ग र झापा जिल्लामा उन्नत नश्लका थप गाई तथा भैंसीको वथानको पहिचान गरिसकिएकोले अब छिट्टै राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखरा र लहान मार्फत थप १००० भैंसी र ४००० गाई गरी जम्मा ५००० उन्नत गाई तथा भैंसीलाई अभिलेखीकरणमा समावेश गराइने छ।

## २. PPRS App बारे अभिमुखीकरण

PPRS कार्यक्रमलाई थप समसामयिक, प्रभावकारी र प्रविधिमैत्री बनाउनका लागि NLSIP द्वारा तयार गरिएको जनावरहरुको अभिलेखीकरण विद्युतीय पद्धति (PPRS App) लाई सबै जिल्ला तथा क्लष्टरहरुमा प्रयोगमा ल्याउने उद्देश्यले माघ २५, २०७९ मा राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखरामा अभिमुखीकरण कार्यक्रम राखिएको थियो। एक दिने उक्त कार्यक्रममा राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखराका प्रमुख डा. जगदिश पाण्डेको अध्यक्षतामा उक्त कार्यालयका वरिष्ठ अधिकृत तथा अधिकृतहरु, भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख, विकेन्द्रीकृत आयोजना सहयोग इकाई, पोखराका प्रमुख तथा आयोजनाका दुग्ध मूल्य शृंखला विज्ञ, तनहुँ र कास्की जिल्लामा PPRS कार्यक्रममा संलग्न रेकर्डर, कृत्रिम गर्भाधान गर्ने प्राविधिकहरु, कृषक समेत गरी करिव ४० जनाको उपस्थितिमा App को महत्वका बारेमा PPRS विज्ञ डा. लोक नाथ पौडेल र App को प्रयोगका बारेमा ICT विज्ञ श्री सुरेश बस्नेतले सहभागीहरुलाई अभिमुखीकरण गर्नुभएको थियो। कार्यक्रममा व्यापक छलफल भै यो App लाई PPRS कार्यक्रममा प्रयोग गर्न उपयोगी हुने भएकोले आयोजनाले पशु सेवा विभाग मार्फत यो Software लाई राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखरालाई उपलब्ध गराउनु उपयुक्त हुने निर्णय समेत गरिएको थियो।

## ३. PPRS कार्यक्रम विस्तार गर्न अन्तरक्रिया

हालसम्म PPRS कार्यक्रममा समावेश भैंसीको संख्या कम भएको यथार्थतालाई दृष्टिगत गरी कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन समेतको सहकार्यमा मधेश तथा कोशी प्रदेशमा प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मातहतको निर्देशनालय, मधेश प्रदेश दुग्ध विकास बोर्ड, भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, राष्ट्रिय पशु प्रजनन् कार्यालय, लहान, स्थानीय तहका पशु सेवा शाखाका प्रमुख, भैसीपालक अगुवा कृषक लगायत करिव ५० जनाको सहभागितामा एक दिने अन्तरक्रिया कार्यक्रम धनगढीमाई नगरपालिका, सिरहामा २०७९ पौष २७ गतेका दिन सम्पन्न गरिएको थियो। कार्यक्रममा व्यावसायिक भैंसी पालनका आधारभूत विषयहरु र PPRS कार्यक्रमको महत्वका बारेमा स्पष्ट पारिएको थियो। यस कार्यक्रमलाई नेपाल टेलिभिजनको कृषि कार्यक्रममा लगातार २ पटक प्रसारण समेत गरिएको थियो। त्यसै गरी कोशी प्रदेशका सुनसरी तथा मोरङ्ग जिल्लाहरुमा पनि सम्बन्धित फार्महरुमा पुगी PPRS कार्यक्रमका बारेमा जानकारी गराइएको थियो।

## ४. PPRS कार्यक्रम सञ्चालित जिल्लाहरुबाट उन्नत साँढे खरिदः

अभिलेख विश्लेषणको आधारमा उत्कृष्ट ठहरिई छनौट भएका गाईबाट जन्मिएका बाच्छाहरुलाई साँढेका रुपमा वीर्य उत्पादनमा प्रयोग गर्ने PPRS कार्यक्रमको उद्देश्य भएको सन्दर्भमा राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखराले यस वर्ष PPRS कार्यक्रम सञ्चालित जिल्लाहरु लमजुङ्गबाट एक र काभ्रेपलाञ्चोकबाट दुई गरी तीन वटा उच्च प्रजनन मानका बहरहरु खरिद गरेको छ।

## ५. भ्रूण प्रत्यारोपणबाट दुई बाच्छा

वीर्य उत्पादन गर्ने उच्च प्रजनन मान भएका बहर उत्पादन गर्न विदेशबाट भ्रूण ल्याई प्रत्यारोपण गर्ने गरिएकोमा चितवनको लालीगुराँस सहकारी गाई फार्ममा गरिएको भ्रूण प्रत्यारोपणबाट केही समय पहिले दुई वटा बाच्छा जन्मिएका छन। विदेशबाट आयात गरिएका भ्रूणबाट जन्मेका उच्च प्रजनन मानका यी बाच्छाहरु राष्ट्रिय पशु प्रजनन कार्यालय, पोखरामा लगी हुर्काइने छ र उमेर पुगेपछि तीबाट वीर्य उत्पादन गरिने छ।

PPRS कार्यक्रमले निरन्तरता पाइरहेमा केही वर्षमै नेपाल उच्च गुणस्तरका साँढे तथा राँगाहरुमा आत्मनिर्भर हुने छ र यस कार्यक्रको लक्ष पनि हासिल हुने छ।

*प्रस्तुतकर्ता,* ***लोक नाथ पौडेल,*** *PhD, पशु प्रजनन विज्ञ*



# स्वागत तथा विदाई

आयोजना परिवारको सदश्यको रुपमा आ.व. २०७९/८० को दोस्रो चौमासिक अवधिमा आयोजना व्यवस्थापन कार्यालय र मातहतका DLSU हरूमा सरुवा भई आउनु हुने मित्रहरूलाई आयोजना स्वागत गर्दछ र आयोजनाबाट सरुवा भएर जानु भएका मित्रहरूलाई आयोजना कार्यान्वयनमा उहाँहरूले पुऱ्याउनु भएको सक्रिय योगदानको लागि धन्यवाद सहित उहाँहरूको भावी कार्यकालको सफलताको कामना गर्दछ!

## आयोजनामा आउनु भएका कर्मचारीहरू



**डा. अरुण खनाल**
योजना अधिकृत, बुटवल



**श्री दयानिधि नेपाल**
सवारी चालक

## आयोजना छोडेर जानु भएका कर्मचारीहरू



**डा. टिकाराम खनाल**
योजना अधिकृत, बुटवल



**श्री कुमार श्रेष्ठ**
सवारी चालक

**श्री दा दोर्ची शेर्पा**
सवारी चालक

## आयोजना छोडेर जानु भएका परामर्शदाताहरू



**श्री भूषण शाह**
टोली प्रमुख, व्यवसाय सेवा प्रदायक



**श्री अजयनन्द बज्राचार्य**
कृषि व्यवसाय वित्र



**श्री विशाल रिजाल**
वातावरण विज्ञ



**श्री लेखनाथ खरेल**
अ.तथा मू. विज्ञ



**श्री विष्णु दयाल सिंह**
अ.तथा मू. विज्ञ



**श्री वासुदेव बास्कोटा**
सा.सुरक्षा विज्ञ



**श्री विरोचन खनाल**
लेखा र वित्त विशेषज्ञ




**श्री धर्मराज बोहोरा**
उद्यम विकास विज्ञ



**श्री दीपक महरा**
उद्यम विकास विज्ञ



**श्री कृष्ण प्र. ढुंगाना**
उद्यम विकास विज्ञ



**श्री जीवन प्रभा लामा**
खाद्य गुणस्तर विशेषज्ञ



1 आयोजना गतिविधि

# हिउँदे घाँस विकास कार्यक्रमः हरियो घाँस र बिउ उत्पादन बढ्ने

पशुपालनमा लाग्ने कूल खर्चको ५५ देखि ६० प्रतिशत खर्च आहारामा लाग्ने भएका सन्दर्भमा आयोजनाले घाँसमा आधारित पशुपालन प्रवर्द्धन गरी दूध र मासुको उत्पादन लागत कम गराउने प्रयास गरिरहेको छ। आयोजनाले घाँस तथा डाले घाँसको खेती तथा उपयोगलाई पशु पालनका जलवायुमैत्री अभ्यासको रुपमा प्रवर्द्धन गरिरहेको छ र हिउदे तथा वर्षे घाँस खेती, डालेघाँस संरक्षण, नर्सरी स्थापना, घाँसको बिउको उपलब्धता बढाउन करारमा घाँस खेती, साइलेज उत्पादन तथा उपयोग जस्ता क्रियाकलापहरू सञ्चालन गरिरहेको छ। घाँस खेती विकासको लागि पूरक अनुदान उप-आयोजनाहरूमा प्रति गाई वा भैंसी एक रोपनी र प्रति चार वटा बाख्रा बराबर एक रोपनी जमिन हुनै पर्ने वाध्यात्मक व्यवस्था समेत आयोजनाले गरेको छ।



*बिउ उत्पादनको लागि करारमा वर्सिम खेती, गुरुवा गाउँ, दाङ्ग*

हाम्रो देशमा हिउँद र गर्मी याममा हरियो घाँसको अभाव हुने गरेको छ। सो समस्यालाई समाधान गर्न आयोजनाले हिउदे घाँस उत्पादनलाई प्राथमिकता दिई आयोजना लागु भएका जिल्लाका कृषकहरूलाई घाँस तथा घाँसको बीउ उत्पादन गर्न हिउदे घाँसको बिउ वितरण गरेको छ। आ.व. २०७९/८० को स्वीकृत वार्षिक लक्ष अनुसार आयोजनाले यस वर्ष १७०७ हेक्टर क्षेत्रफलमा लगाउन पुग्ने जै, बर्सिम, भेच, ट्रपिकल राई आदि विभिन्न प्रजातिका हिउँदे घाँसको १०३.८ मेट्रिक टन बिउ वितरण गरेको छ।



*बिउ उत्पादनको लागि करारमा जै खेती, इनरुवा, सुनसरी*

आयोजनाको सहयोगमा यो वर्ष घाँस खेती गरिएको १७०७ हेक्टरमध्ये १३७ हेक्टर करार खेती अन्तर्गत बिउ उत्पादन गर्नको लागि छ भने १५७० हेक्टर पशु आहाराको निमित्त हरियो घाँस उत्पादनको लागि छ। आयोजनाद्वारा यस वर्ष सञ्चालित हिउँदे घाँस खेती कार्यक्रममा ३५.४२ प्रतिशत महिला सहित ९००८ कृषक परिवार सहभागी भएका छन्। वितरित बिउको आधारमा यो वर्ष घाँस खेती भएको क्षेत्रफल, यसबाट उत्पादन हुने अनुमानित हरियो घाँसको परिमाण र त्यसले पशु आहारामा पुग्ने योगदानको विवरण तालिका १, २ र ३ मा दिइएको छ।

**तालिका-१: हिउँदे घाँसको बिउ वितरण (मे.ट.)**

| सि.नं. | DLSU | जै | वर्सिम | भेच | ट्रपिकल राई | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | विराटनगर | ३०.७ | २.० | – | २.० | ३४.७ |
| २ | हेटौंडा | २६.० | – | – | – | २६.० |
| ३ | बुटवल | २३.० | ५.४ | – | – | २८.४ |
| ४ | पोखरा | ४०.८ | ०.३७५ | ०.५२५ | – | ४१.७ |
| | जम्मा | १२०.५ | ७.७७५ | ०.५२५ | २.० | १३०.८ |

**तालिका-२: घाँस खेती भएको क्षेत्रफल तथा अनुमानित हरियो घाँस उत्पादन**

| सि.नं. | घाँसको प्रकार | घाँसे बालीले ढाकेको क्षेत्रफल (हे) | अनुमानित हरियो घाँस उत्पादन (मे.ट./हे) | अनुमानित कुल हरियो घाँस उत्पादन (मे.ट.) | अनुमानित कुल सुख्खा पदार्थ (मे.ट.) |
|---|---|---|---|---|---|
| १ | जै | १२०५ | २५-५० | ४५१८८ | ९०३८ |
| २ | वर्सिम | ३८९ | ७०-८० | २९१७५ | ४३७६ |
| ३ | भेच | १३ | ६०-७० | ८४५ | १६९ |
| ४ | ट्रपिकल राई | १०० | ३०-३५ | ३२५० | ६५० |
| | जम्मा | १७०७ | | ७८४५८ | १४२३३ |

**तालिका-३: बिउ उत्पादनका लागि करार खेती र अनुमानित बिउ उत्पादन**

| सि.नं. | घाँसको प्रकार | खेती गरिएको क्षेत्रफल (हे) | उत्पादन हुने अनुमानित बिउ (मे.ट.) | सहभागी कृषक |
|---|---|---|---|---|
| १ | जै | ११७ | २०५ | १७३ |
| २ | वर्सिम | २० | २१ | २५ |

*प्रस्तुतकर्ताः रुद्र प्रसाद पौडेल, चरन तथा पशु आहारा विज्ञ*

1 सफलताको कथा

# स्रोत केन्द्र बन्ने दिशातिर अभिमुख सेतीदेवी दुग्ध उत्पादक सहकारी संस्थाको गाईपालन उप-आयोजना

## नमूना सहकारी संस्था

काभ्रेपलान्चोक जिल्लाको धुलिखेल-२, रविओपीमा २०५२ साल फागुण १२ गते "आपसी सहयोग, सद्भाव र सामुहिक हित" भन्ने सहकारीको मूल मन्त्र पालना गरी सदश्यहरुको आपसी हित अभिवृद्धि गर्ने उदेश्यले स्थापित सेती देवी दुग्ध उत्पादन सहकारी संस्था जिल्लाकै अग्रणी दुग्ध सहकारी बनेको छ । यस सहकारीले आफ्ना कार्यक्षेत्र भित्र देउराली, चिसापानी, पदाली, चिगांउ, देविटार, कार्कीपाटी र छांगे गरी ७ ठाउँमा रहेका दुग्ध संकलन केन्द्रहरुबाट दैनिक सरदर ७ हजार लिटर दूध संकलन गरेर चिस्यान केन्द्रमा भण्डारण गरी बिक्री गर्दै आएको छ । दूध संकलन र बिक्री बाहेक सहकारीले ४७ प्रतिशत महिला र २९ प्रतिशत जनजाती सहितका आफ्ना १०३६ जना शेयर सदस्यहरुको क्षमता विकासका विभिन्न क्रियाकलाप संचालन गर्नुको साथै ऋण तथा बचत कार्यक्रम पनि संचालन गरिरहेको छ।फागुन २०७९ सम्म यस सहकारीको कूल चुक्ता शेयर पूजी रु. २ करोड २९ लाख ६४ हजार ३ सय, बचत रु.११ करोड ७२ लाख ३ हजार ४७४ र ऋण लगानी रु. ११ करोड ९२ लाख ७३ हजार २ सय ३३ रहेको देखिन्छ।

## उन्नत गाईपालन र स्रोतकेन्द्र विकास उप-आयोजना

विगत २७ वर्षदेखि दूध संकलन तथा बजारीकरण गरिरहेको यो सहकारीले दूधको उत्पादन वृद्धि गर्न, रोजगारी सिर्जना गर्न र आफ्ना सदस्यहरुलाई चाहिने उन्नत नश्लका बाच्छीहरु उत्पादन गर्न नेपाल लाइभस्टक सेक्टर इनोभेशन आयोजनाको पूरक अनुदान सहयोगमा २०७८ भाद्र २४ देखि *"दूध उत्पादनको लागि उन्नत गाईपालन व्यवसाय तथा स्रोत केन्द्र विकास "* उप-आयोजना सुरु गरेको छ ।

सहकारीले सामूहिक रुपमा संचालन गरेको यस उप-आयोजनामा नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको अनुदान सहयोग रु. ९६,७५,८५७ र संस्थाको लगानी रु. ९६,७५,८५७ गरी जम्मा रु. १,९३,५१,७१४ लगानी गरिएको छ ।उप-आयोजना अन्तर्गत ६० वटा उन्नत गाई खरिद, आधुनिक गोठ तथा आहारा भण्डार घर निर्माण, साइलेज पिट निर्माण, मिल्किंग मेसिन तथा चिलिंग भ्याटको अतिरिक्त अन्य मेसिन तथा उपकरणहरु खरिद गरिएको छ भने पशु स्वास्थ्य तथा घांस विकासका विभिन्न क्रियाकलापहरु समेत संचालन गरिएको छ ।सहकारी संस्थाको लगानी र सामुहिक व्यवस्थापनमा हाल ६० वटा गाई पालन गरेर सुरु गरिएको यो उप-आयोजनालाई विस्तार गरी तीन वर्षको अवधिमा ४०० गाईको नमूना फार्म बनाउने र सो फार्मबाट प्रत्येक वर्ष १५० वटा बाच्छी उत्पादन गरी उन्नत गाईको स्रोत केन्द्र बनाउने लक्ष सहकारीका पदाधिकारीहरुले लिएका छन् ।

## उप-आयोजनामा नवीन प्रविधि र अभ्यास

**खुला गाई:** पशु कल्याणलाई ध्यानमा राखेर गाईलाई छुट्टाछुट्टै नबाधी नमूनाकोरुपमा निर्माण गरिएको आधुनिक गोठमा खुलारुपमा राखिएको छ । आहारा खाने समयमा बाहेक गाई फराकिलो गोठ भित्र हिडडुल गर्न स्वतन्त्र छन् । आहारा खाने समयमा गाईका हेड लक गरी नियन्त्रण गर्ने व्यवस्था गरिएको छ ।

**घाँसमा आधारित गाईपालन:** दूध उत्पादनको लागत कम गर्ने तथा पशुलाई गुणस्तरीय आहारा उपलब्ध गराई दूध उत्पादन बढाउने उद्देश्यले NLSIP ले पूरक अनुदान उप-आयोजनाहरुमा घाँसमा आधारित पशुपालनलाई एक अनिवार्य पूर्व शर्त बनाएको छ । आयोजनासग सो शर्त पालना गर्ने सम्झौता गरेको यस सहकारीले पनि चार हेक्टर क्षेत्रफलमा विभिन्न प्रजातिका नेपिअर, जई र अरु हिउदे तथा बहुवर्षे घाँस खेती गरेको छ ।यसको अलावा करार खेती मार्फत पनि घासंको आपूर्ति गर्ने योजना रहेको कुरा उप-आयोजनाका व्यवस्थापक श्री हरिहर अधिकारी बताउनु हुन्छ । यो घाँस खेतीको कारण गाई स्वस्थ छन भने दूध उत्पादन पनि बढी छ ।



*NLSIP को पुरक अनुदानमा संचालित सेती देवी उप-आयोजना, काभ्रे ।*

**साइलेज उत्पादन र प्रयोग:** उप-आयोजना हरियो घाँस कम पाइने हिउदयाममा सुरु भए पनि साइलेजको प्रयोग गरेको कारण गाईलाई आहारा कम हुन पाएन ।NLSIP ले जलबायुमैत्री अभ्यास अन्तर्गत साइलेज उत्पादन र प्रयोगलाई प्रवर्धन गरिरहेको हुदा यस उप-आयोजनाले पनि हाल साइलेज खरिद गरेर खुवाइ रहेको छ भने मकै बाली तयार भएपछि अब छिट्टै आफै साइलेज उत्पादन गर्ने तयारीमा छ ।

**दूध दुहने मेसिनको प्रयोग:** हाल ६० गाईबाट सुरु गरी ४०० गाई पाल्ने लक्ष लिएको उप-आयोजनामा गाईको दूध हातैले दुहनु सम्भव थिएन ।तसर्थ दूधको स्वच्छता कायम राख्न र श्रम र समयको बचत गर्न उप-आयोजनामा मेसिनले गाई दुहने गरिएको छ ।

**गोबरको पानी छुट्याउने मेसिनको प्रयोग:** फार्ममा धेरै पानीको प्रयोग हुने र लेदो गोबर व्यवस्थापन गर्न समस्या हुने भएकोले उप-आयोजनामा Cow Dung Dewatering Machine को प्रयोग गरिएको छ । यो मेसिनले लेदो गोबरबाट करिब ७०% पानी तुरन्तै छुट्याउछ र धुलो गोबरलाई सुकाएर भण्डारण गरी सहकारीका सदश्यहरुलाई प्रति के.जी. रु. ५ र गैर सदस्यलाई प्रति के.जी. रु ६ मा बिक्री गर्ने गरिएको छ भने लेदो गोबरबाट निक्लिएको पानीलाई घाँस खेतीमा लगाउने गरिएको छ । यो प्रविधिको प्रयोगले मलमूत्र व्यवस्थापनलाई सजिलो पारेको छ भने फार्मको आय वृद्धि र रासायनिक मलको प्रयोग घटाउन पनि सहयोग पुर्याएको छ ।



**जोखिम व्यवस्थापनको लागि बीमा:** पूर्व नवलपरासीको मुकुन्दपुरबाट खरिद गरिएका गाईको मूल्य ढुवानी खर्च बाहेक सरदर १,१८,००० परेको छ । अत: गाईमा महामारी वा अन्य रोगबाट हुनसक्ने मृत्यु र थुनेलो, बाँझोपन आदिबाट हुन सक्ने अनुत्पादक अवस्थाको जोखिम व्यवस्थापन गर्न सबै गाईको बीमा गरिएको छ।

**वंशावलीमा आधारित अभिलेख प्रणालीमा सहभागिता:** गाईको दूध उत्पादन क्षमता तथा अन्य गुणहरुको अभिलेख राखी मूल्याकंन गर्न संचालनमा रहेको रास्ट्रिय कार्यक्रम Pedigree Performance Recording System (PPRS) मा यो फार्म पनि दर्ता भएको छ। नियमितरुपमा दूधको नमूना संकलन

तथा विश्लेषण गरेर व्यवस्थितरुपमा अभिलेख राखी तथ्यांकको वैज्ञानिक विश्लेषण गरिने यो कार्यक्रममा सहभागिताले फार्मलाई गाई छनौट गर्न र प्रजनन व्यवस्था गर्न सहयोग पुग्ने छ भने यस फार्मका उत्कृष्ट गाईका सन्तान भविष्यमा देशभर फैलिने छन्।

**उत्पादनमूलक गठबन्धनको सफल उदाहरण:** NLSIP ले नेपालमा उत्पादक र खरिदकर्ताबीचको उत्पादनमूलक गठबन्धनलाई प्रवर्धन गरिरहेको छ ।उप-आयोजना पूर्ण प्रस्ताव तयार पार्दा क्रेतासग खरीद सम्झौता गरे पनि पछि कुनै एक पक्षबाट त्यसको उलङ्घन हुने गरेकोमा यस उप-आयोजनामा उत्पादक संस्था र खरिदकर्ता कन्चन डेरी दुबैबाट सो मैत्रीपूर्ण संम्झौताको पालना भएको पाइन्छ। उत्पादनमूलक गठबन्धनको यो सफल कार्यन्वयनले दिगो व्यवसायीकरण र दुधको मूल्य शृंखला विकासमा योगदान पुर्याउने देखिन्छ।

**रोजगारी र लाभ:** हाल ६० गाईबाट दैनिक ४५० लिटर दुध उत्पादन गरिरहेको यो उप-आयोजनाले ५ जना ( १ जना महिला, ४ जना पुरुष ) कामदारलाई पूर्ण कालीन रोजगारी उपलव्ध गराएको छ भने १०३६ जना शेयर सदस्यहरुलाई प्रत्येक्ष लाभ पुर्याईरहेको छ।

## वास्तविक बन्दै सपना

**सपना-१: उन्नत गाईको स्रोत केन्द्र:** सहकारी संस्थाका अध्यक्ष चतुर्भुज तिमिल्सिनाका अनुसार सहकारीका ९५ % सदश्यहरुले गाई पाली रहेको भए पनि चाहेको उत्पादकत्व र गुणस्तरका गाई चाहेको बेला खरिद गर्न पाई रहेका छैनन्। यस कारण उनी यो उप-आयोजनालाई कृषकले जिल्ला भित्रै गाई किन्न पाउने उन्नत गाईको स्रोत केन्द्र बनाउन चाहन्छन ।हाल फार्ममा २७ वटा बाच्छी उत्पादन भएका छन् र गाईको संख्या बढेपछि बाच्छीको संख्या पनि बढ्ने छ। यी बाच्छी हुर्केपछि बढी बाच्छीहरु शेयर सदस्यलाई प्राथमिकता दिई बिक्री गरिने छ जसबाट आगामी दिनमा सदस्यहरुले गर्ने दूध उत्पादन उल्लेखनीयरुपमा बृद्धि हुने छ र उनीहरुको आम्दानी पनि बढ्ने छ।

**सपना-२: कारोवार विस्तार:** सहकारीको वर्तमान नेतृत्व उप-आयोजनालाई थप व्यवस्थित र समय सापेक्ष रुपमा आधुनिक बनाउदै लगी विस्तार गर्ने र आफ्नै पशु आहारा र दुग्ध प्रशोधन उद्योग स्थापना गर्ने परिकल्पना गर्छन। बिहानले दिनको संकेत गर्छ भन्ने अंग्रेजी उखान सम्झिदा यो सब आउदा केही वर्षमै सम्भव हुनेछ भन्न सकिन्छ।

१ सफलताको कथा

## मनकामना दुग्ध उत्पादक सहकारी संस्था: दूध उत्पादकबाट प्रशोधकमा विकास




मकवानपुर जिल्लाको मकवानपुरगढी-३, मक्रान्चुलीमा आफ्ना सदश्यहरुमा मितव्ययिताको भावना जागृत गराई नियमित रुपमा बचत गर्ने बानीको विकास गराउने, सदस्यहरुको व्यक्तिगत एवं सामुहिक क्षमता अभिवृद्धि गरी स्वावलम्वी एवं आत्मनिर्भर समाज निर्माण गर्न योगदान पुर्याउने, सदस्यहरुको क्षमताको पहिचान गरी उनीहरुलाई उत्पादनशील र आयमुलक क्षेत्रमा लगाउने, छरिएर रहेको पुजीको उपयोग बढाई सदस्यहरुको आर्थिक, सामाजिक अवस्थामा सुधार गर्ने उद्देश्यले २०४२ सालमा स्थापित मनकामना दुग्ध उत्पादक सहकारी संस्था NLSIP को सहयोगले जिल्लाकै ठूलो दुग्ध उत्पादक सहकारी संस्थाबाट दुग्ध प्रशोधन उद्योगमा विकास भएको छ।



यस संस्थामा 348 जना शेयर सदस्यहरु आबद्ध रहेका छन् जसमा 36.७ प्रतिशत महिला छन् । यस संस्थाले आफ्ना सदस्यहरुबीच दूधको संकलन, पशु आहारा तथा औषधी बिक्रीका साथै बचत संकलन र ऋण लगानी गर्दै आएको थियो ।हाल चुक्ता शेयर पूजी रु 17 लाख 40 हजार भएको यस संस्थाको कूल बचत रु. १ करोड 97 लाख 84 हजार 668 रहेको छ भने ऋण लगानी रु. 3 करोड 6 लाख 56 हजार 1 सय 72 रहेको छ।

कोभिड-१९ महामारीको कारणले दूध संकलन तथा बिक्री वितरण गर्न असहज परीस्थिति उत्पन्न भई कृषकहरुको पेशा धराशायी हुनसक्ने अवस्थालाई मध्यनजर गरी दुग्ध तथा दुग्धजन्य पदार्थ उत्पादन उद्योग स्थापनाको आवश्यकता महशुस गरेर संस्थाले नेपाल लाइभस्टक सेक्टर इनोभेशन आयोजनाको पूरक अनुदान सहयोगमा *"मनकामना दुग्ध प्रशोधन तथा उत्पादन उद्योग "* उप-आयोजना मिति २०७८ जेठ १४ बाट संचालन गरेको छायस उप-आयोजनामा नेपाल लाइभस्टक सेक्टर इनोभेशन आयोजनाको रु. १ करोड, बैंक तथा वित्तीय संस्थाको ऋण रु. ७० लाख र संस्थाको स्वलगानी ६३ लाख ३१ हजार ७ सय ९१ गरी जम्मा रु. २ करोड ३३ लाख ३१ हजार ७ सय ९२ लगानी गरिएको छ।

आयोजनाको सहयोगमा दुग्ध प्रशोधन भवन निर्माण गर्नुको साथै मिल्क रिसिभिङ ट्याकं, मिल्क फिल्टर, मिल्क पम्प, पाश्चुराइजर, क्रिम सेपेरेटर, होमोजेनाइजर, स्टोरेज ट्याकं, प्याकेजिङ मेशिन, कोल्ड रुम, कर्ड इनकुवेशन रुम, स्टिम व्वाइलर जस्ता दुध प्रशोधन तथा विविधिकरणमा प्रयोग हुने मेशिन उपकरण खरिद तथा जडान गरी दुग्धजन्य पदार्थ उत्पादन शुरु गरेको छ।

यस सहकारी संस्थाको दुग्ध प्रशोधन तथा उत्पादन उद्योग घरेलु तथा साना उद्योग कार्यालम दर्ता भई २०७९ को फागुण महिनामा "मनकामना" व्राण्डका निम्न दुग्धजन्य पदार्थ उत्पादन गरी बिक्री गर्न सफल भएको छ भने आइसक्रीम तथा प्रोवायोटिक दही उत्पादन गर्ने क्रममा रहेको छ।

| क्र स | विवरण | इकाई | परिमाण | दर (रु) | मासिक बिक्री (रु) |
|---|---|---|---|---|---|
| १ | छुर्पी | के.जी. | २००६ | ६५० | १३०३९०० |
| २ | बटर | के.जी. | १६३४ | ९०० | १४७०६०० |
| ३ | घ्यू | के.जी. | ७८९ | ११५० | ९०७३५० |
| ४ | पनीर | के.जी. | ८०९ | ६०० | ४८५४०० |
| ५ | दही | लिटर | ५०० | १२० | ६०००० |
| ६ | प्रशोधित दूध | लिटर | १९५०१ | ७५ | १४६२५७५ |
| | | मासिक बिक्री | | | ५६८९८२५ |

हाल ३ जना महिला र ८ जना पुरुष गरी ११ जनालाई रोजगारी उपलव्ध गराएको यो उप-आयोजनाबाट ३४८ जना शेयर सदस्यहरु प्रत्येक्ष रुपमा लाभान्वित भएका छन् ।उल्लेखनीय कुरा यो उप-आयोजनाले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट उत्पादित बस्तुहरु बजारीकरणको लागि चाहिने अनुज्ञापत्र समेत लिई सकेको छ।

*प्रस्तुतकर्ता, किशोर बिस्ट, अनुगमन तथा मूल्यांकन विज्ञ*

# आयोजना कार्यान्यनमा संलग्न निकाय र जिम्मेवार व्यक्तिको सम्पर्क

## १. आयोजना व्यवस्थापन कार्यालय, हरिहरभवन, ललितपुर

| क्र.स. | कार्यालय/पदाधिकारी | फोन/मोबाइल | इमेल |
|---|---|---|---|
| क. | **आयोजना व्यवस्थापन कार्यालय, हरिहरभवन, ललितपुर** | ०१-५४५४९०६ | pmu@nlsip.gov.np |
| क.१ | **पदाधिकारी** | | |
| १ | आयोजना निर्देशक, **डा. उमेश दाहाल** | ९८५११५२७०५ | umeshvet@gmail.com |
| २ | सूचना अधिकारी तथा वरिष्ठ अनुगमन तथा मूल्यांकन अधिकृत, **डा. प्रवेश शर्मा** | ९८५११५७५३१ | prabeshsharmavet@gmail.com |
| ३ | वरिष्ठ योजना अधिकृत, ... ... .... | | |
| ४ | उप-सचिव (लेखा), **अशोक कुमार गिरी** | ९८६०७०१२८३ | Ashokgiri.brt@gmail.com |
| ५ | योजना अधिकृत, **सुशील खड्का** | ९८५११४५८९८ | susil.kdk@gmail.com |
| ६ | अनुगमन तथा मूल्यांकन अधिकृत, **डा. केशव भट्ट** | ९८४८७१४९९९ | vet.keshab@gmail.com |
| ७ | अनुगमन तथा मल्यांकन अधिकृत, **इश्वरी खतिवडा** | ९८५१०५१०४५ | katiwadadai@gmail.com |
| ८ | नायब सुब्बा, **मुरारी दुलाल उपाध्याय** | ९८४४२११००० | mridumd@gmail.com |
| **क.२** | **परामर्शदाता** | | |
| **क.२.१** | **व्यक्तिगत परामर्श सेवा प्रदायक** | | |
| १ | प्रोजेक्ट टेक्निकल लिड, **डा. प्रभाकर पाठक** | ९८४१२२७१९२ | drpathak@gmail.com |
| २ | खरिद विज्ञ, **ई. सतिशचन्द्र झा** | ९८५११७८०४५ | ersatisjha@gmail.com |
| ३ | वित्तीय सेवा विज्ञ, **योगराज पोखरेल** | ९८५११३६८८३ | pokhrel.yog@gmail.com |
| ४ | पशु प्रजन विज्ञ, **डा. लोकनाथ पौडेल** | ९८५११३६५२० | paudelln2015@gmail.com |
| **क.२.२** | **संस्थागत परामर्श सेवा प्रदायक** | | |
| १ | टोली प्रमुख, प्राविधिक सेवा प्रदायक (CMS-DV-MDT-FBC JV), **डा. अमर बहादुर शाह** | ९८५८०५१९३७ | shahamar10@gmail.com |
| २ | आधिकारिक प्रतिनिधि, Apex inclusive JV, **सुरोज धोंजु** | ९८५११३६६०२ | dhojurose@gmail.com |

## २. विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरु

| क्र.स. | कार्यालय/ पदाधिकारी | फोन/मोबाइल | इमेल |
|---|---|---|---|
| १ | विकेन्द्रीकृत आयोजना सहयोग इकाई, विराटनगर<br>प्रमुख, **डा. सुधिर कुमार सिंह**<br>सूचना अधिकारी, **योगेन्द्र शर्मा** | ०२१-५००२८३<br>९८५११९१०८७<br>९८४२८०९५२ | dlsubiratnagar@gmail.com<br>drsksinghnp@gmail.com<br>ypsharmatiti@gmail.com |
| २ | विकेन्द्रीकृत आयोजना सहयोग इकाई, हेटौडा<br>प्रमुख, **डा. विदुर गौतम**<br>सूचना अधिकारी, .... ... ... | ०५७-५२४५७५<br>९८५५०१८५४४ | dlsuhetauda@gmail.com<br>vet.bidurgautam@gmail.com |
| ३ | विकेन्द्रीकृत आयोजना सहयोग इकाई, पोखरा<br>प्रमुख, **डा. रेशमराज ज्ञवाली**<br>सूचना अधिकारी, **डा. प्रकाश अधिकारी** | ०६१-५२७१२०<br>९८४५०८६२९५<br>९८४५९२५९०३ | dlsupokhara@gmail.com<br>reshamg91@gmail.com<br>prkadk123@gmail.com |
| ४ | विकेन्द्रीकृत आयोजना सहयोग इकाई, बुटवल<br>प्रमुख, **डा. गान्धी उपाध्याय**<br>सूचना अधिकारी, **डा. अरुण खनाल** | ०७१-५५०५८०<br>९८५७०४४४०<br>९८६५०७०४२२ | menlsipbutwal@gmail.com<br>gandhiupadhyay01@gmail.<br>arun054khanal@gmail.com |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना**
हरिहरभवन, ललितपुर
**फोन:** +९७७-१-५०१०००१ / ५४५४९०६
**ई-मेल:** pmu@nlsip.gov.np, **वेवसाइट:** www.nlsip.gov.np

**बुलेटिन सम्बन्धी सुझावहरू भए यस नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनामा जानकारी गराउन हुन अनुरोध गर्दछौं।**